जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक २९, २०७६ साल मंसिर ६ गते शुक्रबार, नेपाल संवत् ११४० (Nov. 22, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## "जंगे सीमा खम्बाको गन्ती" बजारमा

काठमाडौं । सीमाविद् बुद्धिनारायण श्रेष्ठले आफ्नो नयाँ पुस्तक 'जंगे सीमा खम्बाको गन्ती' नामक पुस्तक बजारमा ल्याएका छन् । यसअघि श्रेष्ठले 'जंगे बुद्धे' नामक पुस्तक प्रकाशनमा ल्याएका थिए । नेपालको आधिकारिक सिमाना भनेकै जंगे सीमा खम्बा हो, तर सिमानाबाट रातारात यी खम्बा गायब पारिएका छन्- श्रेष्ठले भने । नेपाल-भारत सीमा नक्सामा अंकन गरिएका स्तम्भको संख्या ८ हजार ५ सय ५३ रहेको **बाँकी ८ पेजमा**

## सीमा स्तम्भको पुनर्निर्माण भएन

काठमाडौं । भारतले नेपालका सीमा स्तम्भ सार्ने, फाल्ने र ढाल्ने गरेर नेपाली भूमिमाथिको अतिक्रमण बढाउँदै छ । भारतसँग सीमा जोडिएका जिल्लाहरुमा सीमा व्यवस्थापनको कार्य अझै भइसकेको छैन । सीमा स्तम्भ छुट्याउने स्तम्भहरु नै बेवारिसे अवस्थामा छन् । ढलेका स्तम्भहरुको पुनर्निर्माण अझै गरिएको छैन । कपिलवस्तु विजयनगर गाउँपालिका अन्तर्गत नेपाल-भारत सीमा क्षेत्र भएर बग्ने चरागहवा नदीमा रहेका सीमा स्तम्भ **बाँकी ८ पेजमा**

# अग्निपरीक्षामा ओली राष्ट्रवाद

भारतले नेपालमा आन्दोलन, क्रान्ति, बहुदल, जनयुद्ध, गणतन्त्र, मधेश आन्दोलन, मानव अधिकार आदि अनेक नाममा सत्ता परिवर्तनको खेलमा सिधा सामेल भएर नेपालको १५ वटा सिंगापुर र विश्वका झन्डै ४७ वटा देशभन्दा ठूला भूभाग र ठूलठूला नदीनालाहरु निलिसकेको छ । भारतीयहरुको प्यास नेपालको पानी लगेर मेट्नुपर्ने, उसको बाँझो जमिन नेपालका मलिला खेत डुबाएर उच्च बाँध बाँधेर हामीले सिंचाइ गरिदिनुपर्ने तर भारत चाहिँ हाम्रो जमिन मिच्दै जाने ? अहिले भारतको मित्रता नेपालका लागि मुसाले बिरालोसँग गाँसेको सम्बन्ध जस्तै भएको छ । हामी भारतले हाम्रो भलो गर्छ भनेर उसको पछि लागिरह्यौं तर ऊ पछिबाट हामीलाई खाइरहेको छ । म तिम्रो सुरक्षा गर्छु भन्दै ऊ जसको अगाडि आउँछ उसले त्यसैलाई खान्छ । उसले यही तरिकाले सिक्किम खायो, दोक्लामपछि भुटान खाने सुरमा छ र नेपाल पनि खाने दाउ गर्दैछ ।

भारत अनेक चटक देखाइरहेको छ । २०४६ सालको आन्दोलन, मधेस आन्दोलन, माओवादी जनयुद्ध उसका यस्तै चटकहरु हुन् । केही लेण्डुप दलाल होलान् तर नेपाली जनता स्वाँठ छैनन् । यो कुरा भारतले बुझ्न जरुरी छ । नेपाली जनता कुनै पनि मूल्यमा आफनो स्वाधीनता बचाउन तयार छन् भन्ने कुरा उसले इतिहासहरुबाट थाहा पाए हुन्छ ।

राणा शासन हटाउन भारतले कांग्रेसलाई सशस्त्र युद्ध गर्न लगायो । राणा प्रधानमन्त्री मोहनशमशेरलाई कांग्रेसले जितेर मार्न वा थुन्न सक्छ र तिम्रो सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्छ भनेर डर देखायो । तर मोहन शमशेर नडराएपछि ब्रिटिस गोर्खा सैनिक पनि मिल्दैछ । उनीहरु पनि मिले भने तिम्रो सत्ता एक हप्तामा ढाल्नेछ भनेपछि मोहन शमशेर हच्किए । यही बेला मोहन शमशेरलाई हामीले भनेको मानेनौं भने तिम्रो सत्ता बच्दैन भनी बाध्य पारेर सन् १९५० को सन्धि भारतले गोप्य रुपमा गरायो । यो सन्धि गर्न भारतलाई किन हतार भयो भने नेपाली कांग्रेसका बीपी कोइरालाले ब्रिटिसले छोडेर गएपछि उसले नेपालको जितेको भूभाग स्वतः नेपालको हुनुपर्छ भनेर नेहरु र गान्धीसँग कुरा उठाएका थिए रे । यो कुराले उनीहरु हच्किएका थिए । त्यसैले भारतले हतार हतार मोहन शमशेरलाई दबाब दिएर सन १९५० को सन्धि गरायो ।

वास्तवमा राणाविरुद्धको क्रान्तिमा भारतले कांग्रेसलाई सहयोग गर्नुको पछाडिको रहस्य यही सन १९५० को सन्धि नगरेको खण्डमा अन्तर



र्राष्ट्रिय कानुनअनुसार ब्रिटिससँग गरेको सुगौली सन्धि लागू हुन्थ्यो र ब्रिटिसले जितेको ग्रेटर नेपालको भूभाग स्वतः नेपालको हुन जान्थ्यो । यो बेला कांग्रेसका मातृकाप्रसाद कोइरालालाई भारतले लेण्डुपका रुपमा प्रयोग गरेको थियो । यिनै मातृकाले पछि भारतको गुलामी गरेर प्रधानमन्त्री भएपछि भारतलाई गण्डकी सुम्पिए । नेपालको उत्तर सीमामा १८ वटा भारतीय सैनिक चेकपोस्ट राख्न दिए । भारतको गुलामी गरेर काम छैन, हामीले सबै देशहरुसँग सम्मानजनक मित्रता राख्नुपर्छ भनेर बीपीले अडान लिए । नेपालका केही नदीनालाहरु अर्थात यहाँको पानी नियन्त्रण गर्ने सोच भारतले बनायो । नेपालमा चुनाव हुन नदिएर नेपालमा प्रधानमन्त्री फेरेको फेर्‍यै गरायो । यसका लागि भारतले त्रिभुवनलाई हात लियो । राजा त्रिभुवनले त राष्ट्रपति बनाउने भए नेपाल भारतमा विलय गराउन तयार छु भन्ने प्रस्ताव समेत नेहरुलाई राखेका थिए रे ।

२०१५ सालमा निर्वाचन त भयो तर निर्वाचनमा भारतले सोचेको परिणाम आएन । भारत कसैको पनि बुहमत नआओस् । प्रधानमन्त्री आफूले चाहेको बेला बदल्न सकियोस् भन्ने चाहन्थ्यो तर कांग्रेसको दुईतिहाई बहुमत आयो । त्यसपछि कांग्रेसको सरकार बन्न नदिने भारतको खेल सुरु भयो । कम्युनिस्टहरु पनि भारतको गोटी हुँदै गए ।

राजा महेन्द्रसँग बीपीको राम्रो सम्बन्ध थियो । भारतले यो सम्बन्धलाई बिगार्न हरतरहले कोसिस गर्‍यो । राजाको महत्वकांक्षालाई भारतले बढावा दियो र रातारात राजा महेन्द्रको नजिक हुन खोज्यो । सरकार बनेपछि बीपीले मन्त्रिपरिषदको बैठकमा भारतका प्रतिनिधिहरु रहने प्रथा हटाइदिए । अब भारतले चाहेअनुसार केही पनि हुन छाड्यो । हामी राष्ट्रवादी नेपाली नजागेसम्म, नउठेसम्म र हामीले वास्तविक समस्याको चुरो नबुझेसम्म अनि भारतको कुटिल चालहरु नबुझेसम्म यहाँ कहिले सच्चा राष्ट्रवाद आउने छैन ।

नेपाली जनताले सावधान हुनुपर्छ यो कालापानी आजको समस्या हैन, यो राजा महेन्द्रले पञ्चायत ल्याउन भित्रभित्रै गरिएको कालो सम्झौता थियो । कोशी र गण्डकी भारतलाई सुम्पिन महेन्द्र र मातृकाको हात थियो । टनकपुर बेच्ने गिरिजाप्रसाद कोइराला, माधव नेपालहरु नै हुन् । उच्च बाँध बनाउने भनेर यहाँका नदीनाला र यहाँको सिमाना मिच्नेमा कुन कुन दलालहरु पर्छन् त्यो अब नेपाली जनताले हेर्दै जानुछ । २०४६ सालको आन्दोलनमा भारतले गरेको समर्थन भनेको नेपालीहरुको मायाले उनीहरुलाई प्रजातन्त्र दिलाउनका लागि थियो भन्ने भ्रममा नपरौं । नेपालका नदीनाला सिध्याउने कुनै पनि सम्झौता राजा वीरेन्द्रले गरेनन् । उनले कालापानीबाट भारतीय सेना हटाउन दबाब दिन थाले । नेपाल आर्मीलाई पनि शक्तिशाली बनाउने अभियानअन्तर्गत विमानभेदी क्षेप्यास्त्र खरिद गर्न लगाए । राजा वीरेन्द्रको शान्तिक्षेत्र प्रस्तावले नेपालको विश्वस्तरमा शक्तिशाली उपस्थिति देखियो । भारत तर्सिनुका **बाँकी ८ पेजमा**

## टुटल र पठाओलाई फेरि किन रोक ?

काठमाडौं । सर्वसाधारणलाई सस्तोमा सेवा दिँदै आएका टुटल र पठाओमाथि सरकारले फेरि रोक लगाएको छ । मोटरसाइकलमा यात्रु ओसार्न नपाइने भन्दै यातायात व्यवस्था विभागले यात्रु ओसारे कारबाही गर्ने चेतावनी दिएको छ ।

०४९ सालमा जारी यातायात ऐनमा निजी प्रयोजनका लागि दर्ता भएका सवारी साधनलाई सार्वजनिक यातायातका रुपमा प्रयोग गर्न नपाइने उल्लेख भएबमोजिम टुटल र पठाओलाई रोक लगाइएको यातायात व्यवस्था विभागको भनाइ छ । यी दुवैले राइड शेयरसेवा दिँदै आएका छन् ।

ऐनको दफा ८ (२) मा 'निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न पाइने छैन' भन्ने उल्लेख छ । दफा १२ मा कुनै एक प्रयोजनका निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनका निम्ति प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था छ । यही आधारमा टुटल र पठाओलाई सरकारले रोक लगाएको बताइन्छ । गत वर्ष पनि यी दुईलाई सेवा सञ्चालन गर्न सरकारले रोक लगाएको थियो । सर्वसाधारणले सामाजिक सञ्जालमा व्यापक विरोध गरेपछि प्रधानमन्त्री केपी ओलीले टुटल र पठाओलाई नरोक्न भौतिक योजना तथा यातायात मन्त्रालयलाई निर्देशन दिएका थिए ।

सरकारले नीति बनाएर टुटल र पठाओलाई सहजीकरण गर्नुपर्नेमा रोक लगाएपछि जनस्तरबाट व्यापक विरोध भइरहेको छ । यी दुई संस्थाले यात्रामा समस्यामा परेका यात्रुहरुलाई राइडरमार्फत मोटरसाइकलमा किफायती सेवा दिँदै आएका थिए । यतिमात्र होइन यिनीहरुको सेवा भरपर्दो र सुरक्षित समेत थियो । कुन बेला कहाँ जाँदैछ र कति पैसा उठेको छ भन्ने कुरा उनीहरुको नेटवर्कबाट नै सेटिङ मिलाइएको हुन्छ । **बाँकी ८ पेजमा**

## विश्वभरिका नेपालीद्वारा भारतीय नक्साप्रति आपत्ति

काठमाडौं । भारतले नेपालको पश्चिमी सिमाना लिम्पियाधुरा कालापानी र लिपुलेक क्षेत्रलाई आफ्नो सम्प्रभु क्षेत्रका रुपमा आफ्नो नयाँ राजनीतिक नक्सामा देखाएपछि यो विषय विस्तारै विश्वव्यापीकरण हुँदैछ । गैरआवासीय नेपाली संघ (एनआरएनए) ले भारतको हेपाहा र मिचाहा प्रवृत्तिविरुद्ध सडकमै उत्रिएर विरोध जनाउन थालेपछि कालापानी क्षेत्र विवाद र विश्वव्यापी रुपमा चासोको विषय बन्न पुगेको छ ।

एनआरएनएले एक विज्ञप्ति सार्वजनिक गर्दै भारतले हालै जारी गरेको नयाँ नक्सामा नेपालको भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो भूभागका रुपमा देखाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । भारत सरकारको यो कार्यबाट विश्वभर छरिएर रहेका नेपालीहरु क्षुब्ध भएको विज्ञप्तिमा उल्लेख छ । 'दुई देशबीच सुल्झाउन बाँकी रहेका सीमासम्बन्धी विषयहरु कूटनीतिक माध्यमबाट वार्ताबाट दुवै




पक्षको सहमतिमा ऐतिहासिक दस्तावेज एवं प्रमाणका आधारमा टुंग्याउनुको सट्टा एकपक्षीय ढंगबाट चालिएको कदमको भर्त्सना गर्दछौं । विज्ञप्तिमा भनिएको छ,- 'मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डता जस्तो संवेदनशील विषयसँग सम्बन्धित यो मुद्दामा नेपाल सरकार, आम नागरिक एवं विदेशस्थित गैरआवासीय नेपाली समुदाय एकसाथ उभिनुपर्छ ।'

भारतले जारी गरेको नक्सामा नेपालको भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतको भूभागमा देखाएकोप्रति गैरआवासीय नेपाली संघ, जापानको अगुवाइमा शान्तिपूर्ण विरोध र्‍याली आयोजना गरेको छ । जापानस्थित नेपाली संघ, संस्थाका प्रतिनिधिहरुले टोकियोमा शान्तिपूर्ण विरोध र्‍यालीसहित ज्ञापनपत्र बुझाएका छन् । एनआरएनए आइसीसीको निर्णयअनुसार विरोधस्वरुप एनआरएनए जापानको संयोजनमा सोमबार भारतीय दुतावासअघि भेला भई शान्तिपूर्ण र्‍याली र ज्ञापनपत्र वाचन गरियो । ज्ञापनपत्र बुझाउने प्रयास भए पनि दुतावासले आन्तरिक नियम भन्दै लिखित ज्ञापनपत्र बुझ्न अस्वीकार गरेको जनाइएको छ । प्रत्यक्ष रुपमा लिन अस्वीकार गरे पनि हुलाकमार्फत पठाउन मिल्ने र हालसम्म त्यही प्रावधान अनुसार दुतावासको ठेगानामा ज्ञापनपत्र पठाइएको भनिएको छ ।

ब्यानर तथा नेपाली राष्ट्रिय झन्डासहित उपस्थित नेपाली समुदायहरुले भारतीय विस्तारवादका विरुद्ध नारा लगाएका थिए । संघका आईसीसी कोषाध्यक्ष महेशकुमार श्रेष्ठ, एनआरएनए जापानका अध्यक्ष देवीलाल भण्डारी, वरिष्ठ उपाध्यक्ष अनिता गुरुङ, महासचिव जनकविक्रम शाही लगायतका अन्य पदाधिकारीहरु नेपाल पत्रकार महासंघ जापानका अध्यक्ष मोहन घले तथा अन्य राजनीतिक भातृ संगठनका प्रतिनिधि एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सो विरोध र्‍याली र कोणसभामा उपस्थिति रहेको थियो ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले भारतले जारी गरेको नयाँ नक्सामा नेपाली भूभाग मिचेको विरोध गर्न विश्वभरका भारतीय दुतावासमा ज्ञापनपत्र बुझाउन निर्देशन दिएको छ । संघका महासचिव डा.हेमराज शर्माले गत साता विश्वभर छरिएका एनआरएनएका शाखाहरुलाई परिपत्र गर्दै उक्त निर्देशन दिएका हुन् । पत्रमा पछिल्लो समय **बाँकी ८ पेजमा**

## माले उम्मेदवार घरदैलोमा

काठमाडौं । मंसिर १४ गते हुन गइरहेको उपनिर्वाचनमा नेकपा (माले) का उम्मेदवारहरु सक्रिय रुपमा घरदैलो अभियान र कोण सभाहरुमा सहभागी भइरहेका छन् । पार्टीका महासचिव सीपी मैनाली सबै उम्मेदवारको निर्वाचन क्षेत्रमा उपस्थित भएर अन्तर्क्रिया र जनसभाहरुमा सम्बोधन गरिरहनुभएको छ । त्यसैगरी स्थायी समिति सदस्यहरु डम्बर श्रेष्ठ, कुमार बेलवासे, सुरेन्द्र ढकाल, कृष्ण राना लगायतका नेताहरु प्रचार अभियानमा सक्रिय बनिरहेका छन् ।

भक्तपुर जिल्लाको क्षेत्र नं. १ को 'क' मा प्रदेश सभा सदस्यको लागि सुदर्शन लामिछाने उम्मेदवार बनेका छन् । लामिछानेले मंसिर ४ गते च्यामासिंहदेखि नालाको सिमानासम्मको ताथली मूल सडक र आसपासका बस्तीहरुमा घरदैलो अभियान गर्दै मत मागेका छन् । स्थायी समिति सदस्यहरु कुमार वेलवासे तथा कृष्ण रानाको सहभागितामा भएको घरदैलो अभियानमा पार्टीका पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्यहरु तथा भक्तपुर क्षेत्रका सदस्यहरुको ठूलो संख्यामा उपस्थिति रहेको थियो । लामो समयसम्म शिक्षण पेसामा आबद्ध रहेका लामिछाने त्यस क्षेत्रमा लोकप्रिय मानिन्छन् ।

यसैगरी दाङ जिल्लाको क्षेत्र नं. ३ को प्रदेश 'ख' मा हरिप्रसाद डाँगी, कास्की जिल्लाको क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यमा टेकनाथ भण्डारी, सुनसरी जिल्लाको धरान उपमहानगरपालिकाको मेयरमा एकराज सुब्बा मालेको तर्फबाट उम्मेदवार बनेका छन् । नेकपा मालेको हँसिया तारा चिन्हमा मत माग्दै नेता कार्यकर्ताहरु जनताको घरदैलोमा पुगिरहेको अवस्थामा पटक पटक निर्वाचन जितेर पनि जनताको लागि केही गर्न नसक्ने दलका नेताहरुको विकल्पमा माले उम्मेदवार भरपर्दो विकल्प बन्न सक्ने केन्द्रीय सदस्य सिद्धि महर्जन बताउनुहुन्छ । भ्रष्टाचार, महँगी, कुशासनको भण्डाफोर गर्दै मालेले उठाउँदै आएको राष्ट्रियताको मुद्दाको पक्षमा गोलबद्ध हुन महर्जनले मतदाताहरुलाई आग्रह गर्नुभएको छ ।

## चीनलाई चिढ्याउँदै अमेरिका

काठमाडौं । संयुक्त राज्य अमेरिका चीनलाई कमजोर पार्न हात धोएर लागेको छ । चीनको अभिन्न अंग हङकङका प्रदर्शनकारीलाई उचालेर अमेरिकाले चीनलाई उत्तेजित बनाइरहेको छ । अमेरिकी सिनेटले हालै हङकङका प्रदर्शनकारीहरुलाई समर्थन गर्दै एक विधेयक पारित गरेपछि चीन अमेरिका कूटनीतिक दूरी अझ बढेको विश्लेषण गरिएको छ ।

हङकङ मानव अधिकार एवं लोकतन्त्र विधेयक २०१९ नाम दिइएको उक्त विधेयकअनुसार अमेरिकी विदेशमन्त्रीले वार्षिक एकपटक हङकङ स्वायत्त भएको प्रमाणित गर्नुपर्नेछ । र यसै आधारमा हङकङसँगको अमेरिकी व्यापारलाई महत्व दिइनेछ । अमेरिकाले चीनको मुख्य भूमिभन्दा स्वायत्त हङकङसँग फरक व्यवहार गर्दै आएको छ । चीनले हङकङमा भएको **बाँकी ८ पेजमा**

## समय सन्दर्भ प्राकृतिक मानवको खोजी

■ उद्धवप्रसाद गौतम

प्राचीन युरोप-अमेरिकी सभ्य सदाचारी र दैवी प्राकृतिक मानवको सोचविचार चल्नमा, योजना, कार्यक्रम र प्राकृतिक नीतिको कारण पश्चिमी देशहरु विकसित र सम्पन्न बनेको इतिहासको खोजी हुँदैछ । त्यस युगमा प्राकृतिक मानवहरुले आआफ्नो रोगहरु, शरीरका प्रणालीहरु, नाडी, चक्रहरु, धातु, दिसा पिसाब रगत, पञ्च तत्वहरु इन्द्रिय ज्ञानेन्द्रीयहरु स्वस्थ रहे नरहेको आफूले नै जान्ने, बुझ्ने र पहिचान गर्ने प्राकृतिक स्वयं आफ्ना शरीर जाँचबुझ र रोगहरु सम्बन्धमा जान्ने बुझ्ने प्राकृतिक विज्ञ र उपचारहरु रहेको देखिन्छ । रोगहरु लाग्ने, चाँडोचाँडो छिटो भोक तिर्खा दिसा पिसाब थकाइ लाग्ने र लामो समय उभिन हिंड्न असमर्थ, शरीरको चिसोतातो तापक्रम, आँसु, पसिना, कानेगुजी, सिंगान, खकार, थुक, दिसा पिसाब शरीरको रंग, गन्ध, छाला, रौंहरु, कपाल, इन्द्रिय ज्ञानेन्द्रीय, चर्मेन्द्रियको अवस्था हेरेर देखेर बुझेर आआफ्नो रोगका लक्षण, कारण, प्राकृतिक उपचार गर्ने तरिका, विधिहरु सबै आदिबासीलाई ज्ञानहरु रहेको देखिन्छ । के के कारण के रोग चिन्न कसरी संक्रमण भएको हो ? पत्ता पहिचान नभएसम्म मनपरी औषधि, उपचार गर्न बन्देज रहेको देखिन्छ । रोगहरु लागेका मानिसलाई असक्त वर्गमा राखी बच्चादेखि बुढासम्म जीवनभर निरोगी रहने र बाँच्ने प्राकृतिक संस्कार, संस्कृतिहरु र बिधिहरुको पूर्ण खोजी र लागू होस् भन्ने पक्षमा युरोप-अमेरिकी सभ्य आदिबासीहरु छन् । यौन उन्मादी यौन र धन सन्तानहरु जीवन, स्वस्थ, शरीर, आत्मा र परमात्मा अर्काको आत्मा समेतलाई सोच, कल्पनासम्म नगर्ने अन्धा, बहिरा, यौन र धनउन्मादी पागल हुन्छन् भन्ने प्राकृतिक मान्यताहरु पनि प्राचीन आदिबासीमा रहेको थियो । यौन र धनउन्मादी भ्रष्ट सन्तानहरुले खान दिएका र छुवाछुत गरेका पशुपक्षी जनावर पनि रोगी हुन्छन् भन्ने प्राकृतिक सत्यता र विश्वास आदिबासीमा रहेको थियो । धन र यौन उन्मादी (यौन र द्रव्यपिचास) ले धनसम्पत्ति र वेश्यालाई भगवान् ईश्वर मान्छन् । वेश्यागामी यौन उन्मादीको कमजोर र अशक्त जीवन हुन्छ ।

वेश्यागामी यौन उन्मादी दूराचारी व्यभिचारीले आफ्नो भाग्यशक्ति वीर, पराक्रम, जवानी र स्वस्थ जीवन अरुलाई सुम्पँदै पागल बनी हिंड्ने हुनाले यिनीहरुको आफ्नो जीवन रोगी भोगी र पापी सिद्ध हुनेछ भन्ने प्राकृतिक दृष्टिका **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# कूटनीतिक संवाद सुस्त

अतिक्रमित कालापानी लगायतका क्षेत्र फिर्ता गर्ने विषयमा कूटनीतिक पहललाई तीव्रता दिनुको साटो सरकार प्रतिक्रियात्मक बनेको छ । भारतले हालै जारी गरेको आफ्नो राजनीतिक नयाँ नक्सामा नेपालको अभिन्न अंग लिम्पियाधुरा, कालापानी र लिपुलेक भञ्ज्याङलाई समेटेपछि नेपालभित्र मात्र होइन, विश्वभर छरिएर रहेका नेपालीहरूले भारतीय भौगोलिक विस्तारवादको तीव्र निन्दा र भर्त्सना गर्दै अतिक्रमित क्षेत्र अविलम्ब छोड्न भारतमाथि दबाब सिर्जना गरिरहेका छन् । यद्यपि भारतले कालापानी आफ्नो भएको दाबी दोहोर्‍याइरहेको छ । प्रधानमन्त्री ओलीले सार्वजनिक भाषणमा सेना फिर्ता लैजान आग्रह गरे पनि भारतको राजनीतिक नेतृत्वले नयाँ नक्सामा भारतको सम्प्रभुता दर्शाएको भन्दै सितिमिति अतिक्रमित भूभाग नछोड्ने संकेत गरेको छ ।

भारतले नक्सा सार्वजनिक गरेको चार दिनपछि २० कात्तिकमा परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै विरोध जनाएको थियो । त्यसअघि नेपाली सञ्चारमाध्यमहरूले भारतले नेपाली भूमि अतिक्रमित गरेर नक्सा सार्वजनिक गरेको जोडतोडले प्रचार गरेका थिए । जनस्तरबाट सडकमै भारतीय विस्तारवादविरूद्ध विरोध प्रदर्शन र जनसभाहरू हुन थालेपछि सरकार दबाबमा पर्‍यो र कालापानी क्षेत्र नेपालकै भूभाग रहेको परराष्ट्रले जनायो । तर भारतीय राजदूतलाई बोलाएर परराष्ट्र मन्त्रालयले यो के गरेको ? भन्दै प्रश्न सोध्न सकेन । न त कूटनीतिक पहलका लागि नै जुर्मुरायो । एउटा विज्ञप्ति फालेर परराष्ट्र मन्त्रालयले आफ्नो धर्म निभाउनुबाहेक राष्ट्रिय अखण्डताका विषयमा पहलकदमी नगर्नु आश्चर्यजनक छ । उत्तराखण्डका मुख्यमन्त्री त्रिवेन्द्रसिंह रावतले कालापानी भारतकै हिस्सा रहेको दाबी गर्दा पनि परराष्ट्रले उत्तराखण्ड सुगौली सन्धिपूर्व नेपालकै भूभाग हो भनेर भन्न सकेको छैन ।

२३ कात्तिकमा प्रधानमन्त्रीकै आह्वानमा बालुवाटारमा बसेको सर्वदलीय बैठकले नेपालको पश्चिमी सिमाना कालीनदीको उद्गम रहेको लिम्पियाधुरा नै रहेको निष्कर्षसहित वार्ताको माध्यमबाट समाधानको पहल गर्न प्रधानमन्त्रीलाई भनेको थियो । बैठकमा सहभागी प्रमुख प्रतिपक्षी दल कांग्रेस मधेस केन्द्रित राजपाका शीर्ष नेतादेखि पूर्व प्रधानमन्त्री र विज्ञले कालापानीबारे भारतसँग कूटनीतिक वार्ता गर्न सुझाव दिएका थिए । कालापानी र सुस्ताबारे सरकारी तवरबाट ०६२ र ०७२ मा गरिएको अध्ययन प्रतिवेदनका आधारमा उनीहरूको सुझाव पनि थियो । सर्वदलीय बैठकपछि परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले आवश्यक पर्दा भारतसँग प्रधानमन्त्री स्तरमा वार्ता गर्ने बताएका थिए । तर भारतले नक्सा सार्वजनिक गरेको आधा महिना बित्न लाग्दा पनि यस विषयमा कुनै संवाद हुन सकेको छैन ।

कूटनीतिक समाधानका लागि गठित परराष्ट्र सचिवस्तरीय आधिकारिक संयन्त्र पनि सक्रिय छैन । कालापानी र सुस्ता विवाद समाधान गर्न दुई देशले परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई यसअघि नै जिम्मा दिएका थिए तर एकपटक पनि संयन्त्रको बैठक नबसी भारतले कालापानी आफूमा गाभेर नक्सा सार्वजनिक गर्‍यो । चीनले २८ कात्तिकमा वक्तव्य जारी गरी नेपाल र भारतबीच मैत्रीपूर्ण परामर्श र संवादका आधारमा कालापानीको विषय समाधान गर्न सुझाव दिएको थियो । तर भारतसँग अहिलेसम्म नेपालले कूटनीतिक संवाद गर्न सकेको छैन । यता भारतको राजनीतिक नेतृत्वले कालापानीमाथिको दाबी दोहोर्‍याउन छोडेको छैन । कालापानी क्षेत्रमा नेपाली सेनालाई पठाएर संवादको थालनी गर्न ढिला हुँदै जाँदैछ ।

# एउटै कोरियाले थर्कायो विश्व
# नेकपा निरीह, मिडिया अन्जान

**सुरेन्द्र ढकाल**



विगत धेरै वर्षदेखि अमेरिका र यसका पिछलग्गु राष्ट्रहरूले कोरियामाथि आर्थिक नाकाबन्दी लगाउँदै आएका छन् । राष्ट्रपति किम इल सुङले प्रतिपादन गरेको जुँछे विचारधारा र जनरल किम जोङ इलले सुरु गरेको सोन्गुन नीतिले शत्रुविरुद्ध आत्मरक्षा गर्न सक्ने व्यक्ति वा राष्ट्रमात्र स्वतन्त्र हुन्छ, नसक्नेहरू पराधिन हुन्छन् भन्छ । यसैकारण कोरियाले आफ्नो प्रतिरक्षा प्रणालीलाई चुस्त बनाएको छ ।

आफ्ना शत्रुराष्ट्रलाई आफ्नै भूमिबाट प्रहार गर्न सक्ने अन्तर महाद्विपीय क्षेप्यास्त्र बनाइ परीक्षण गर्न सकेकै कारण कोरिया अमेरिका र यसका पिछलग्गु राष्ट्रको टाउको दुखाइको विषय बनेको छ । विगतमा सोभियत संघ शक्ति सम्पन्न हुँदा यिनीहरूको त्यस्तै टाउको दुखाइ थियो ।

त्यसैगरी अहिले आएर चीन आर्थिक र सामरिक रुपमा शक्ति सम्पन्न भएकै कारण यिनीहरूको थप टाउको दुखाइ भइरहेको छ । झन् त्यसमाथि नाकाबन्दीको बाबजुद पनि कोरिया डेग नचलेपछि अमेरिका र यसका पिछलग्गु राष्ट्रमात्र नभई संयुक्त राष्ट्रसंघ नै कोरिया विरुद्ध खनिएको छ । यसको सुरक्षा परिषदले केही महिनाअघि एक रिजोलुसन पास गरी यसका सबै सदस्य राष्ट्रहरूलाई कोरियासँग कुनै पनि किसिमका आर्थिक नाकाबन्दी नगर्नु भनेर परिपत्र जारी मात्रै गरेको छैन वल्की सो परिपत्र बमोजिम काम भएको छ वा छैन भनेर संयुक्त राष्ट्रसंघ आफैं, अमेरिका र यसका पिछलग्गु राष्ट्रहरूले कडाइका साथ अनुगमन गर्नुले कोरियालाई झनै उत्तेजित बनाउने कार्य गरेको छ । यसैको फलस्वरुप अहिले कोरिया व्यापक रुपमा सैन्य अभ्यासमा जुटेको छ ।

**किन बोल्दैन चीनविरूद्ध संयुक्त राष्ट्रसंघ ?**

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको चीन स्थायी सदस्य हो । अमेरिका, रुस, बेलायत र फ्रान्स यसका अन्य स्थायी सदस्य राष्ट्रहरू हुन् । सुरक्षा परिषदमा आउने कुनै पनि प्रस्ताव वा रिजोलुसनविरुद्ध यी राष्ट्रहरूलाई भिटो पावर छ । यो हुँदाहुँदै पनि चीनले कोरियालाई नाकाबन्दी गर्ने सुरक्षा परिषदमा आएको प्रस्तावमा किन भिटो प्रयोग गरेन ?

कोरिया चीनजस्तै समाजवादी सिद्धान्तलाई व्यवहारमा उतार्न सफल एक मोडेल राष्ट्र हो । यस्तो भाइचारा सम्बन्ध भएको, हिजोको अमेरिका विरुद्धको कोरिया युद्धमा स्वयं माओले आफ्नो छोरा गुमाएको अवस्था रहेको असल छिमेकी राष्ट्रविरुद्धको प्रस्तावमा चीन किन मौन बस्यो ? कोरियाको पक्षमा किन भिटो प्रयोग गरेन ? यसका दुई उत्तर छन् । १) कोरियाको उत्तरी छिमेकी चीन हो जबसम्म चीनले व्यवहारमा उत्तर कोरियालाई नाकाबन्दी गर्दैन तबसम्म संसारले नाकाबन्दी गरे पनि कोरियालाई केही लछारपाट्टो लाग्दैन भन्ने कुरा चीनलाई राम्ररी थाहा छ । अर्को कुरा उत्तर कोरियालाई अमेरिका र चीनबाहेक विश्वका सबै राष्ट्रहरूले नाकाबन्दी लगाउँदा चीनलाई ठूलो आर्थिक फाइदा भएको छ । त्यो भनेको अहिले चीनको कोरियासँगको आयात निर्यातमा एकाधिकार भएको छ ।



**अहिले आएर चीन आर्थिक र सामरिक रूपमा शक्ति सम्पन्न भएकै कारण यिनीहरूको थप टाउको दुखाइ भइरहेको छ । झन् त्यसमाथि नाकाबन्दीको बाबजुद पनि कोरिया डेग नचलेपछि अमेरिका र यसका पिछलग्गु राष्ट्रमात्र नभई संयुक्त राष्ट्रसंघ नै कोरिया विरूद्ध खनिएको छ ।**

संसारका कुनै पनि व्यक्तिलाई कोरियाको राजधानी प्योङयाङ जानु पर्‍यो भने एअर चाइनाको विमान र बेजिङ प्योङयाङ एक्सप्रेस रेलवे मात्रै एक विकल्प छ । यो कुरा यस पंक्तिका लेखकले गत अगष्ट महिनामा आफ्नै नेतृत्वमा नेकपा (माले) को नौ सदस्यीय प्रतिनिधि मण्डल लिई बेजिङ हुँदै एअर चाइनाबाट प्योङयाङ पुगी त्यही विमानबाटै फर्कंदा प्रत्यक्ष अनुभव गरेको हो । यसको लागि हामी सबैले व्यक्तिगत रुपमा १३२० अमेरिकी डलर (झण्डै एक लाख पचास हजार रुपैयाँ) प्रतिव्यक्ति काठमाडौं बेजिङ प्योङयाङ बेजिङ काठमाडौंको टिकटवापत एअर चाइनालाई बुझाउन परेको थियो ।

भ्रमण कालमा हामीले थाहा पाएअनुसार कोरियाको सबै किसिमका आयात निर्यात अहिले चीनसँग मात्रै कायम रहेको छ । यसैकारण संसारले नाकाबन्दी लगाउँदा समेत कोरियालाई केही फरक परेको छैन भने संयुक्त राष्ट्रसंघ, अमेरिका र यसका पिछलग्गु राष्ट्रहरूले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको रिजोलुसन किन नमानेको भनेर चीनविरुद्ध नाकाबन्दी गर्न सकेका छैनन् । किनकी उनीहरूलाई थाहा छ चीनविरुद्ध नाकाबन्दी गर्नु भनेको उनीहरूको बुताभन्दा बाहिरको कुरा हो र गरिहाले भने पनि प्रथम विश्वयुद्धपश्चात् बनेको लिग अफ नेसन्स जसरी असफल भई दोस्रो विश्वयुद्ध भयो त्यसगरी दोस्रो विश्वयुद्धपश्चात् बनेको यो संयुक्त राष्ट्र संघ पनि असफल भइ तेस्रो विश्वयुद्ध हुन्छ भन्ने कुरा ।

अर्को कुरा संयुक्त राष्ट्रसंघ अमेरिकाप्रति यति अनुग्रहित छ कि अमेरिकाले संयुक्त राष्ट्रसंघलाई बुझाउनुपर्ने बक्यौता अरबौं डलरभन्दा बढी भइसक्यो, अटेर गरेर अमेरिका नबुझाइ बसिरहेको छ भने अर्कोतर्फ विश्व व्यापार संगठनको सिद्धान्तविपरीत अमेरिकाले चीनबाट आयात हुने वस्तुहरूमा भन्सार वृद्धि गर्दा संयुक्त राष्ट्र संघले अमेरिकालाई कारबाही गर्न पनि सकेको छैन । सुरक्षा परिषदको एक स्थायी सदस्य अमेरिकालाई कारबाही गर्न नसक्ने संयुक्त राष्ट्रसंघले चीनलाइ कारबाही गर्ने ?

संयुक्त राष्ट्रसंघ भनेको महाशक्ति राष्ट्रहरूको खेलौना मात्र हो भन्ने कुरा माथिका तथ्यले सावित गरिसकेको छ । यसैकारण न चीनले कोरिया विरुद्धको प्रस्ताव सुरक्षा परिषदमा आउँदा त्यसको विपक्षमा भिटो नै लगायो न त त्यो प्रस्तावलाई मानेर आफ्नो दक्षिणको छिमेकी समाजवादी कोरियालाई आर्थिक नाकाबन्दी नै लगायो । चीन कानमा तेल हालेर कोरियामाथि भएको नाकाबन्दीको एकतर्फी फाइदा लिएर बसिरहेको छ ।

हामीले बेजिङबाट प्योङयाङ जाँदा र फर्कंदा एअर चाइनाको विमान हामीजस्तै एसियाली, युरोपेली पर्यटकहरूले खचाखच भएको पायौं । हामीले एक महिनाअघि बुकिङ गर्दा समेत हाम्रो प्रतिनिधि मण्डलको लागि एअर चाइनाबाट प्योङयाङ जाने र फर्कने त्यस्तो महँगो टिकट पाउन पनि कस्तो गाह्रो भएको थियो । चीनले साँच्चैको आर्थिक नाकाबन्दी नगरुञ्जेल संसारका सबै राष्ट्रले गरे पनि केही फरक पर्दो रहेनछ भनेर संयुक्त राष्ट्रसंघ, अमेरिका र यसका पिछलग्गु राष्ट्रले बुझ्नुपर्ने होइन ? बुझेर नमानेको अवस्थामा चीनलाई नै आर्थिक नाकाबन्दी गर्ने साहस देखाउनुपर्ने होइन ? खोइ त तागत ?

**निरीह नेकपा सरकार**


नेपालमा झण्डै २२ महिना अघिदेखि आफूलाई कम्युनिस्ट भन्ने एमाले र माओवादी एकता गरी बन्न गएको डबल नेकपाको दुई तिहाई बहुमत भएको तथाकथित शक्तिशाली सरकार छ । आफूलाई कम्युनिष्ट भन्नेहरूले विचारधारागत रुपमा कोरियासँग असल मित्रवत व्यवहार गर्नुपर्ने हो कि होइन ? तर यो अमेरिका र यसका पिछलग्गु राष्ट्रहरूको रिमोट कन्ट्रोलबाट संचालित छ भन्ने कुरा कोरियामाथि यसले गरेको व्यवहारले देखाएको छ ।

संयुक्त राष्ट्रसंघले पत्र पठाएकै आधारमा यो सरकारले नेपालमा भइरहेको कोरियाली लगानी फिर्ता गर्दै उनीहरूलाई आफ्नो देश फर्कन अमेरिका र यसका पिछलग्गु राष्ट्रको दबाबमा बाध्य पारिरहेको छ ।

डबल नेकपाको यो शक्तिशाली सरकार थियो भने यसले भन्न सक्नुपर्थ्यो स्वयं सुरक्षा परिषदको स्थायी सदस्य चीनले संयुक्त राष्ट्रसंघको परिपत्रको अवज्ञा गर्नु हुने अनि नेपाललाई कमजोर र सानो राष्ट्र भनेर हेपेको भनेर बलियो र स्पष्ट जवाफ दिनुपर्ने थियो । त्यसको विपरीत अमेरिका र यसको पिछलग्गु राष्ट्रसमक्ष लम्पसार पर्नुले न यो वामपन्थीको सरकार हो न यो शक्तिशाली छ । यसलाई निरीह अमेरिकी कठपुतली सरकारभन्दा फरक पर्दैन ।

उत्तर कोरियामाथि यसले गरेको व्यवहारले स्पष्टै पारेको छ । यो सरकार निरीह छ । यहाँका मिडिया अन्जान अमेरिका र भारतको सीता खाएर गीता गाइरहेका छन् । वास्तवमा एउटै कोरियाले विश्व थर्काइरहेको छ ।

# महिलाकै चासो आवश्यक (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

मान्छेका दुई रुप प्रस्टैसँग संसारमा देखिएकै छ । एक सिद्धान्तनिष्ठ र अर्को चाहिँ समयको भेलमा बगेर हिँड्ने । तर नारीमा अलि फरक हुने नै भयो । बाहिरी रुपले हेर्दा पनि विवाह गरी घरजम गरेर बस्ने नारीहरुले आफ्नो पतिको मागदर्शन चाहने गरेको सामाजिक सञ्जालहरुमा छ्यासछ्यास्ती देखिएकै छन् ।

केही नारी सम्भ्रान्त पुरुषको पीडामा परे भन्दैमा शिक्षित नारीहरुले आफ्नो मूल मान्यता परिवर्तन गर्नु पनि हुँदैन । कसैले पनि पुरुष भएँ भनी पीडा दियो भने देश काल समाज र सरकार समेत साथ लिएर त्यो पीडा हटाउनैपर्छ । अहिले शिक्षा र कानुनी सुविधाहरुले नारीहरु धेरै माथि छन् तैपनि २०७६ कात्तिक अन्त्यको नेपाल टेलिभिजनमा नारी जागरणको समेत उद्देश्य लिएर उनीहरुकै निमित्त प्रस्तुत कृषि कार्यक्रममा प्रस्तोता संयमितै देखिए ।

शिक्षित नारी कर्मचारीको विषय प्रस्तुति हल्का नै देखियो । अरु नारी पनि प्रयत्नशील जस्तै देखिए । बरु मण्डन देउपुर गाविस काभ्रेकी उपप्रधान महिलाचाहिँ आफ्नो विषयमा प्रस्ट र सोझो प्रस्तुति दिनेमा परिन् । यसैले माथि भनिएबमोजिम नारीहरुका केवल दुई रुप प्रस्ट नै भयो । यसैगरी सरकारी कार्यालय नगर तथा गाविसहरुका अरु नारीहरुमा हेर्नु राम्रो होला ।

द्वन्द्वले मात्र जुनसुकै समस्या समाधान हुन्छ भन्ने कुरा पुरानो भइसकेको छ । त्यस्तै शान्तिपूर्ण मात्र आफ्नो नारी प्रस्तुतिमा पनि महिलाहरुले नै चासो लिएर सुधार गर्दै जानुपर्ने भएको छ । समय समयमा नारी समस्याहरु आफैं अगाडि आउँदै जाने नै छन् । विवेकशील महिला नेतृहरुले ती समस्याहरु टिप्न मात्र सक्नुपर्छ ।

आफ्नो शारीरिक दुर्बलता अथवा रुप लावण्य आदिको सबलतालाई प्रचारमुखी बनाएर आफैं शोषित र पीडित भई आफ्नो विरोधी आफैं हुने झन् वर्तमान कलंकहरु नारीले सुधार गर्नैपर्ने देखियो । उदाहरण नेपालकै शाहकालको रक्तरन्जित समय अथवा संसारका यस्ता उदाहरण विवेकशील महिला नेतृहरुका लागि अवश्य ज्ञानबर्धक नै हुनेछन् । आवश्यकता यी समस्या समाधान दिनुमै छ । शिक्षाबाट यस्ता कुरामा सहयोग लिन नसके केले अरु सहयोग देला र ? किनभने अब यस्ता कुरामा विकसित, विकासशील र अविकसित नारी समाज भनी पर्खेर बस्न अब समयले दिएको छैन । हैन भने विश्वभरबाटै हाम्री आमासँगै हामी ढुंगे युगतिर फर्कंदैछौं कि ? भनी भावी पुस्ताले मान्लान् भन्ने डर मान्नैपर्ने भएको छ ।

**१. महिला महान कार्य निरन्तरता चाहियो**

ठीक यसअघि गएकै बुधबार प्रकाशित यही शीर्षकको पहिलो स्तम्भमा यही हरफकर्ताले मानवको वंश संरक्षणमा प्रशंसनीय सोपान मानव महिलाले परिस्कृत गरेको मानेकै छ । यो दोस्रो पुस्ता आफ्नै रगतको डल्लो सम्झेर होस् अथवा आमा बाबुकै हित गर्ला कि भनेरै पनि होस् जे भए पनि राम्रै भएको छ । यी कार्यहरुलाई शिक्षाका केही विकृतिहरुमा मात्र नारीहरुले रुमल्लिन नदिएर यो प्राकृतिक वातावरण, यो पृथ्वीलाई समेत आफैं नारी सम्झेर संरक्षणमा अब लाग्नेपर्ने भएको छ । जैविक विविधता, जलस्रोत संरक्षण र प्राणी द्वन्द्व निराकरणमा पनि नारीले धेरै काम गर्ने दिन आएका छन् । यतातिर पनि वैज्ञानिक, प्राविधिक तथा शिक्षित महिला नेतृहरुबाट याद हुन्छ कि ? हामी त्यही आश गरिरहेका छौं ।

**२. कहाँ छैनन् विकृतिहरू ?**

कुनै कुनै साहू महाजनहरु विदेशैलाई धनी बनाएर पुरानो विदेशी उपनिवेशमा रहेका देशहरुको दुःख सम्झाउँदै आफ्नै देशको सम्पत्ति टाट पारिरहेका पनि होलान् । यस्ता अनेकौं विकृतिहरुको सुधार एक्लै नारी मात्रले गरेर सकिने पनि होइन । तर पनि नगरी पनि हुँदैन भन्ने सम्झनैपर्छ । अरब आदि देशमा तैल दोहनमा यस्तै विदेशीलाई गर्दैछन् । अफगानिस्तानमा विदेशी सेना बसेकै छ । नेपालमै कालापानी सुस्ता आदि धेरै क्षेत्र दक्षिणी छिमेकीले र उत्तरतिर पनि नदीको पानीको बहाव नेपालतिर तर्काएर अथवा नेपालकै लिम्पियाधुरा वास्तै नगरी लिपुलेखबाट बाटो खोल्ने काममा चीन भारतले केही वर्ष पहिले निर्णय गरेकै हुन् । त्यस्ता कुरामा म नारी हुँ, पिछडिएकै छु, बुर्काभित्रै छु अथवा रामरमिता सिंगारपटारमा छु भनेर मात्र हुँदैन । यथोचित सक्रियता महिला नेतृहरुबाटै पनि चाहिएकै छ । यसैगरी आर्थिक भ्रष्टाचारमा डराउने हाल महिलाहरु नै हुन् । मानव तथा प्राणी अहितकारी अरु भ्रष्टाचारहरुमा जानेर नजानेर बुझ पचाएरै समेत भूल गरिरहेका नारीहरुलाई अब महिला नै अघि सरेर मुछिन दिनबाट रोक्नैपर्ने भएको छ ।

**३. आर्य सत्व प्राण नेपाल**

महिला नै सरस्वती रुप अर्थात् ज्ञान रुप हो । अहिला नै लक्ष्मी धनरुप अर्थात् सत्वगुणयुक्त कमाइको भ्रष्टाचाररहित धनरुप नै हो । कोसिस गरेरै पनि नभएको दानवी छाया परेको ज्यादै दुःखदायी अवस्थाको सुधार गर्न महिला नै कालीरुप पनि हुनुपर्ने हुन्छ । यी रुप स्त्री पुरुष र उभय लिंगरहित हुनुपर्छ र भएकै पनि छन् । यी र यस्ता कुरामा पनि महिला नेतृहरुको ध्यान जाने नै छ ।

# मैले देखेको ११८ औं विश्व सम्पदा

# रोमको सान जोभान्नी क्याथेड्रल

सुरेन्द्र ढकाल


बाहिरबाट हेर्दा सान जोभान्नी क्याथेड्रल



क्याथेड्रलको प्रार्थना कक्ष

शान्ता मारिया माज्जोरेको वासिलिका अवलोकन गरिसक्दा दिनको ४ बजेको थियो । तसर्थ रोमको कोलोस्सियमतिर गएर बाँकी दिन बिताउने विचार गरी त्यता लागैँ । त्यहाँ एक घन्टा बिताइ होष्टलतर्फ लागैँ । बाटोमा एउटा फास्टफुडभित्र छिरी पिच्जा र सुप खाइ सिधै होस्टलको बेडमा पुगैँ । बिहान उठ्दा ६ बजेको रहेछ । आफ्नो बिहानको नित्य कर्म सकी ७ बजे होस्टलमा ब्रेकफास्ट टन्न खाई बिल भुक्तानी गरी लागैँ रोमको रेलवे स्टेशनतर्फ । त्यहाँ पुगी आफ्नो सुटकेश डिपोजिट गरी कुपन लिएँ अनि लागैँ सान जोभान्नी क्याथेड्रल अवलोकन गर्नेतर्फ ।

सान जोभान्नी क्याथेड्रल

रोमको आर्कविशपको निवास कार्यालयसमेत रहेको यो क्याथेड्रल पनि इटलीको भूमिमा भए तापनि यसको सार्वभौम अधिकार भेटिकनसिटीमा नै रहेछ र पोपको शासनभित्रै पर्ने रहेछ । अर्को कुरा यो क्याथेड्रल इटलीमा रहेको चार चर्चमध्येको सबैभन्दा पुरानो र पश्चिमी विश्वको सबैभन्दा पुरानो वासिलिका मानिदो रहेछ । क्रिश्चियन विश्वासअनुसार क्याथोलिक चर्चले पाउने एकुमेनियल दर्जा पाएको यस चर्चलाई सबै चर्चको मदर चर्चको रूपमा लिइँदो रहेछ । झन् अचम्मको कुरा त के भने इटलीको राजधानी रोममा रहेको यो चर्चको संरक्षक फ्रान्सको वहालवाला राष्ट्रपति हुने परम्परा रहेछ । यो परम्पराको शुरूवात सन् १५८९ मा हेनेरी चौथौ फ्रान्सको सम्राट भएको बेलादेखि भएको रहेछ । क्याथेड्रलमा रहेको लेटिन भाषामा लेखिएको शिलालेखले भने यस क्याथेड्रलको हालको रूप पोप क्लेमेन्ट १२ औंको शासनकालको ५ औं वर्षमा सन् १७३५ तिर भएको रहेछ । भेटिकनको सेन्ट पिटर चर्चको ४ किलोमिटर उत्तरपश्चिममा अवस्थित यस क्याथेड्रल समस्त क्रिश्चियन विश्वको पवित्रस्थल मानिदो रहेछ ।


क्याथेड्रलको खोपामा रहेका पोपका मूर्तिहरु



क्याथेड्रलभित्र लेटिन भाषामा लेखिएको शिलालेख



क्याथेड्रलभित्र रहेको पोपको चिहान

यस क्याथेड्रलको प्राचीन इतिहास खोतल्दा क्याथेड्रल रहेको स्थलमा सन् १९३ तिर रोमन साम्राज्यको घोडचढी सेनाको किल्ला रहेको र मिलभियान ब्रिजको युद्धपश्चात यो किल्ला भत्काइएको भए तापनि त्यसको भग्नावशेषलाई क्याथेड्रलको मुख्य प्रार्थनाकक्षको भुइँतलामा संरक्षण गरिएको रहेछ । क्योथड्रलको प्रार्थनाकक्षको गोथिक शैलीको काठको मञ्च १४ औं शताब्दिको रहेछ । सन् १३०७ र १३६१ मा भएको आगलागिको कारण यो क्याथेड्रल क्षतिग्रस्त भई पुनरनिर्माण भएको रहेछ जसको कारण यस क्याथेड्रलको पुरातात्विक महत्व भने गुम्न गएको रहेछ । यसैको कारण पोप यहाबाट सरेर सान्तामारिया माज्जोरेको वासिलिका हुँदै अन्तमा भेटिकन सिटीको सेन्ट पिटर चर्चमा स्थायी रूपमा बसाइ सरेका रहेछन् । विभिन्न पोपको समयमा यस क्याथेड्रलको जिर्णोद्धार र विस्तार हुँदै गई फ्रान्चेस्को बोर्‌रोमिनीको पालामा यस क्याथेड्रलको दुवै भित्री र बाहिरी भागमा रोकोको वास्तुशैली आम रूपान्तरण गरी विभिन्न बेलाका पोपका मुर्तिहरू सजाउने खोपाहरू क्याथेड्रलको भित्तामा बनाइएको रहेछ । माथि भनिएजस्तै क्याथेड्रलको हालको अगाडिको मोहडाको निर्माण भने पोप क्लेमेन्ट १२ औंको शासनकाल सम्पन्न भएको रहेछ । यही बेलादेखि नै क्याथेड्रलको १२ वटा खोपाहरूमा क्रमशः विभिन्न बेलाका पोपहरूको मूर्ति सजाउने कार्य भएको रहेछ । जसमा सेन्ट पिटर, सेन्ट पाओल, सेन्ट बार्थोलोम्यु, सेन्ट जेम्स द ग्रेटर, सेन्ट सिमोन, सेन्ट युडेथाडिओस, सेन्ट फिलिप, सेन्ट थोमस, सेन्ट जेम्स द लेस्सर, सेन्ट आद्रेउ, सेन्ट जोन र सेन्ट माथेउका रहेछन् । यी मूर्ति बनाउने विश्वविख्यात मुर्तिकारहरू क्रमशः मोनोट, ले ग्रोस, रूस्कोनी, मोराट्टी, माच्चुओली, र दे रोस्सी रहेछन् । साथै यसै क्याथेड्रलभित्र विभिन्न बेलाका पोपहरूको चिहान पनि रहेछ ।

दोस्रो विश्व युद्धकालमा पोप पिउस १२ औंले नाजी र इटालियन फासिस्टहरूबाट यहुदीहरूलाई संरक्षण गर्ने उद्देश्यले यस क्याथेड्रलमा शरण दिएका रहेछन् ।


क्याथेड्रलको मञ्च (अल्टर)

# २४. पार्टीको दरभंगा प्लेनम-२




■ शम्भुराम श्रेष्ठ

केन्द्रीय कमिटीका सदस्यहरु दरभंगा आइपुग्न ढिलो भएकाले केन्द्रीय कमिटीको बैठक फागुनको दोस्रो हप्तादेखि मात्र सुरु हुन सक्यो । बैठकका मुख्य एजेन्डा २०१७ साल पुस १ गते राजाले सैनिक 'कु' गरी संसद र नेपालको पहिलो निर्वाचित सरकार अर्थात् बीपी कोइराला सरकारलाई बर्खास्त गरेको हुँदा राजाको उक्त प्रतिगामी कदमविरुद्ध संघर्ष गर्ने बारेको र २०१७ साल फागुन ७ गतेदेखि चितवनमा पार्टीको तृतीय महाधिवेशन सुरु गर्ने पार्टीको पूर्व निर्णयबारे के गर्ने भन्ने बारेको दुइटा थिए । तर का.पुष्पलाल र का.तुल्सीलाल काठमाडौंबाट भागेर आई दरभंगा पुगेपछि उहाँहरुले डा.केशरजंग रायमाझी राजावादी भएको आरोपमा उनीमाथि अनुशासन कारबाही गर्नुपर्छ भन्ने प्रस्ताव राख्दै आएकाले त्यससम्बन्धी एउटा एजेन्डा पनि थपिन गयो ।


जहाँसम्म पहिलो एजेन्डाको सवाल छ, त्यस सम्बन्धमा तीनवटा लाइनहरु आए । पहिलो लाइन मेरो थियो जसलाई का.पुष्पलाल का.तुल्सीलाल र अरु ५-६ जनाले समर्थन गरेका थिए । त्यस लाइनमा मैले राजा महेन्द्रले गरेको सैनिक 'कु' को घोर भर्त्सना गर्दै राजा महेन्द्रको उक्त प्रतिगामी कार्यको ठाडो प्रतिरोधात्मक संघर्षको रुपमा अर्थात् राजालाई उक्त कार्य पचाउन नदिने हिसाबले राजाले तुरुन्तै भंग गरिएको संसद र बर्खास्त गरिएको कांग्रेसी सरकारलाई पुनर्वहाली गर्नुपर्छ भन्ने कुरामा जोड दिएको थिएँ । दोस्रो लाइन डा.केशरजंग रायमाझी, डीपी अधिकारी र एस कमर शाह आदि कामरेडहरुको थियो । त्यस लाइनमा उनीहरुले सामान्य रुपले 'प्रजातन्त्रको पुनर्वहाली' गरियोस् भन्ने माग गरेका थिए । तेस्रो लाइन का.मोहनविक्रम एकलैको थियो जसमा उनले 'संविधानसभा' को निर्वाचन गराइनुपर्छ भन्ने कुरामा जोड दिएका थिए । जहाँसम्म 'संविधानसभा' को मागको सवाल छ त्यो त २००८ सालमा कलकत्तामा भएको पार्टीको प्रथम राष्ट्रिय सम्मेलनदेखि नै पार्टीको कार्यनीतिको रुपमा कायम रहिआएको विषय थियो, जसलाई २०१४ सालमा पार्टीको एउटा सानो नगन्य गुट माझी गुटले नेपाली कांग्रेस, नेपाली प्रजापरिषद् र नेपाल राष्ट्रिय कांग्रेसका नेताहरुको पछि लागेर परित्याग गरेको थियो र पार्टीले त्यागेको थिएन । त्यस अवस्थामा का.मोहनविक्रमले संविधानसभाको मागलाई दोहोर्‍याउनु स्वाभाविकै थियो तर कार्यनीतिक दृष्टिकोणले उपयुक्त थिएन । कारण रायमाझी गुटको प्रजातन्त्रको पुनर्वहाली गरियोस् भन्ने माग र मोहनविक्रमको संविधानसभाको माग दुवै नै वस्तुत: एकै प्रकृतिका थिए किनभने ती दुइटै मागहरु राजाको उपरोक्त प्रतिगामी सैनिक 'कु' विरुद्धको प्रतिरोधातमक रुपको नभई राजालाई उक्त प्रतिगमनकारी कार्य पचाउन दिने खालका थिए । यी तीनवटै लाइनलाई लिएर केन्द्रीय कमिटीमा छलफल र वादविवाद चलिरहेकै थियो । यसैबीच सोभियत संघ र जनगणतन्त्र कोरियाको भ्रमणमा गएको अखिल नेपाल ट्रेड युनियन कांग्रेसको प्रतिनिधिमण्डल स्वदेश फर्कने क्रममा भारत पुग्दा त्यहाँको ट्रेड युनियन कांग्रेसको नेतृत्वले हामीहरु दरभंगामा बसेको छौं भनी बताएपछि प्रतिनिधिमण्डलका सदस्यहरु दरभंगा आइपुगे । त्यसबेला पार्टी केन्द्रीय कमिटीको बैठक चलिरहेकै थियो । उनीहरुले बैठक चलिरहेको कोठा बाहिरबाट हामीहरुसँग भेट्न चाहेको खबर पठाए । कोठाभित्र आएपछि उनीहरुले डा.केशरजंग रायमाझीसँग मास्कोमा भेट भएको र भेटघाटको दौरानमा डा.रायमाझीले उनीहरुलाई २०१७ साल पुस १ गतेको काण्ड हुने कुरा आफूलाई पहिले नै थाहा भएको कुरा बताएपछि एकाएक केन्द्रीय कमिटीको बैठकको वातावरण एकदमै तातिन थाल्यो । एक त त्यसै पनि डा.माझी विरुद्ध अनुशासनको कारबाही गरिनुपर्छ भन्ने प्रस्तावमाथि छलफल हुनेवाला नै थियो र त्यसबेला डा.माझीको बैठकमा उपस्थिति हुनु अथवा गराउनु एक किसिमले अनिवार्य जस्तै थियो । त्यसमाथि मास्कोबाट फर्केका मजदुर कामरेडहरुको कुरा सुनेपछि केन्द्रीय कमिटीका सदस्यहरु जंगिन थाले र जंगिनु स्वाभाविक पनि थियो । अनि केन्द्रीय कमिटीको बैठकले नै त्यही दिन सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीलाई डा.रायमाझीलाई अविलम्ब फर्काइदिनोस् भनी अनुरोध गरी पत्र लेखी पठाइहाल्यो । पत्र प्राप्त भएपछि भोलिपल्ट नै सोभियत पार्टीले माझीलाई नेपाल कम्युनिस्ट पार्टीबाट बोलावट आएको छ भनी फर्काइदियो । दुई तीन दिनपछि डा.केशरजंग रामयाझी दरभंगा आइपुगे । उनी दरभंगा पुगेको लगत्तैपछि नै बैठकका प्रमुख एजेन्डाहरु बारेको छलफललाई थन्क्याएर केन्द्रीय कमिटीले डा.माझीलाई अनुशासन कारबाही गर्ने बारेको प्रस्तावित एजेन्डामाथि छलफल गर्न थाल्यो । छलफल र वादविवाद पूरै एक महिनासम्म चल्यो र पक्ष विपक्षमा एकदमै बराबर भइदिएकाले डा.रायमाझीमाथिको राजावादी आरोप औपचारिक रुपले सावित त हुन पाएन तर पनि केन्द्रीय कमिटीले सर्वसम्मतिबाट महासचिवको पद नै खारेज गरी त्यसको ठाउँमा का.डीपी अधिकारी, का.केशरजंग रायमाझी र का.शम्भुराम श्रेष्ठ रहेको सचिव परिषद् स्थापना गरेर डा.रायमाझीमाथि लगाइएको आरोपलाई अप्रत्यक्ष रुपले सावित गरिदियो । यसरी अनुशासन कारबाही बारेको एजेन्डा टुंगिएपछि केन्द्रीय कमिटीको बैठकमा अघि थन्क्याइएका मुख्य एजेन्डाहरुमाथि क्रमिक रुपले छलफल प्रारम्भ गरियो ।


*(क्रमश:)*

# जापान : विदेशीको अनुरोध लत्याउन नसक्ने युवतीहरूको देश-७

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**





सन् १९४५ मा हिरोशिमामा खसेको अणुबमको सिकार भएका केही व्यक्तिहरूका बीभत्स चित्रहरू देखेपछि तथा केही प्रत्यक्षदर्शीहरूका केही विवरणहरू टेपबाट सुनेपछि मेरो मनमा त्यस बेलाका जिम्मेदार अमेरिकी राष्ट्रपतिप्रति ठूलो घृणा जागृत हुन गयो, मनमनै उनलाई सरापेँ पनि । सोच्दा यस्तो लाग्छ, संसारका मानिसहरू यदि हिरोशिमामा भएको घटनादेखि अनभिज्ञ रहन्छन् भने अथवा दक्षिणपूर्वी देशको एउटा सहरमा भएको यो वियोगान्त गाथालाई समयको पाङ्ग्रो घुमिरहँदा भएको एउटा मामुली घटना भनी कसैले भन्छन् भने सम्भवत: मनुष्यजाति नै आत्मसंहारको बाटोमा आफैँ अघि बढ्नेछ र नियतिले उसलाई अवश्यमेव सराप्नेछ ।

**विश्वप्रसिद्ध वाटिकाहरू जापानका**

जापानमा राम्राराम्रा सार्वजनिक पार्क, उद्यान, बगैँचा-वाटिकाहरू छन् भन्ने कुरा जापान बसेर आएका एक जना मित्रबाट पहिले नै सुनेको थिएँ । आफैँले त्यहाँका केही वाटिकाहरूमा घुमफिर गर्दा त्यो कुरा सत्य रहेछ भन्ने महसुस भयो । यी उद्यानहरू पर्यटकहरूका लागि मात्र नभई स्थानीय बासिन्दा तथा स्वदेशी जनताका लागि पनि आनन्द तथा आरामको स्रोत बनेका छन् । हङकङको ओशन पार्क, सिङ्गापुरको टाइगर बाम गार्डेन, फिलिपिन्सको रिजाल पार्क, बैङ्कको रोज गार्डेन र जापानका विभिन्न सहरका विभिन्न उद्यान तथा वाटिकाहरू सबैले आआफ्ना पाराले विविधता प्रस्तुत गर्दै संसारप्रसिद्ध बन्न पुगेका छन् । जापानका अति रमणीय वाटिकाहरूमध्ये एक गनिने टोकियोको सिन्जुकु ग्योएननामक वाटिकामा एक चोटि चहार्न पुगेको थिएँ । हरियो घाँस र रुखबिरुवा तथा पानी अनि फूलका बिरुवाहरू चटक्क पारी मिलाएर निर्माण गरिएको यो बगैँचा अति राम्रो प्राकृतिक सौन्दर्यले ढकमक्क भएको रहेछ । त्यहाँ घुमफिर गर्दा मलाई गोदावरीको बोटानिकल गार्डेनअगाडि रहेको बगैँचामा डुलिरहेको जस्तो अनुभव भयो । मानिसका ससाना जमात कुनै फोटो खिच्नमा तल्लीन त कुनै छाप्रोजस्तो ओतभित्र बसी गफसफ गरिरहेका अनि कुनै 'फेमिली पिकनिक' मा आएका केटाकेटीहरू यताउता दगुरी खेलिरहेको देख्दा आफू बालबच्चासहित सपरिवार गोदावरीमा घुमिरहेको झलझली सम्झना भयो । प्रकृतिरानीको वासस्थान आफ्नो देशका वाटिकाहरू पनि जापानी उद्यानहरूभन्दा कम नभएको देख्दा गौरव अनुभव भयो । स्वच्छ वातावरण संरक्षणको अभियान जतातततै चलेको आजको युगमा यस्ता मानवनिर्मित स्वच्छ प्राकृतिक सौन्दर्ययुक्त वाटिका तथा उद्यानहरूको घुमफिर गर्नु आनन्दविभोर हुनु मात्र नभई हामी पनि यस्ता मानवकल्याणकारी अभियानमा सहभागी छौँ भन्ने परिचय दिनु हो ।

**युवतीको मुस्कान अविवाहित युवकले मात्र पाउँछ**

जापानको छोटो अवधिको बसाइमा मलाई जापानका तरुनीहरूको मनोभावना बुझ्ने एउटा सानो अवसर पनि मिलेको थियो । तिनीहरू विवाहितभन्दा अविवाहित युवकलाई विशेष रुचाउँदा रहेछन् भनेजस्तो मलाई लाग्यो । जापानमा रङ्गीन तस्बिरको छपाइ निकै सस्तो पर्ने भएकाले होटेलसँगैको तस्बिरपसलमा एक दिन आफूसँग भएका तस्बिरहरू छपाउन पुगेँ । कुरैकुरामा नेपालबाट आएको भन्ने थाहा पाउनासथा पसलमा बस्ने युवतीले निकै मृदुता देखाइन् । मृदुताका साथै हिमालयको प्रशंसा र कफीद्वारा सत्कार पनि गरिन् । आफ्नै परिवारमा जस्तो हुँसीखुसीको व्यवहार पाएर मक्ख भई फर्केको मलाई फेरि गई भेट्ने तलतल भइरह्यो । चार दिनपछि तस्बिर लिन जाँदा ती युवतीको मुहारमा न त पहिलेको जस्तो मुस्कान नै थियो, न त अतिथिसत्कारको भाव नै । डेरामा पुगेपछि यसको कारण के होला भन्ने विषयमा विचार गरिरहेकै बखतमा एक जना जापानी मित्र आइपुगे । उनले मेरो प्रश्न सुनेपछि मेरा ती छापिएका तस्बिरहरू पल्टाउँदै मेरो परिवारसहितको चित्रलाई औँल्याउँदै भने- "युवतीको मुस्कान त अविवाहित युवकले मात्र पाउँछ, केटाकेटी र पत्नी भएकाले कहाँ पाउँछ र ?" प्रकृतिको शाश्वत नियमको एउटा आभास यहाँनिर मैले पाएजस्तो लाग्यो ।

**जापानको रात्रिजीवन**

जापानमा पनि ठाउँठाउँमा रमाइलो रात्रिजीवनको व्यवस्था रहेछ । हाम्रो नयाँसडकजस्तो टोकियोको प्रसिद्ध ' गिन्जा' भन्ने ठाउँको विभिन्न भागमा नग्न नृत्य र 'स्ट्रिपटिज' हुन्छ भन्ने सुनेको थिएँ । आफू बसेको 'सिबुया तोबु होटेल' को नजिकै रहेका ससाना नाइट क्लब, बार, रेस्टुराँ आदिमा रात बढ्दै गएपछि मानिसको घुइँचो हुने गरेको र दलालहरूले इसारा गर्दै ग्राहकहरूलाई बोलाइरहेका देख्दा भारतीय सहरहरूमा बनियाँहरूले ग्राहकहरूलाई चिच्च्याउँदै बोलाइरहेको सम्झना भयो । हाम्रो भन्दा विकसित भएका मुलुकमा जाँदा त्यहाँका क्लब, बारमा के-कस्तो हुँदो रहेछ हेर्ने कौतूहल हुनु स्वाभाविक हो यद्यपि हामी आफ्नै देशमा छँदा त्यहाँ विद्यमान यस्ता कुराहरूप्रति विमुख भएका हुन्छौँ । तुलबुली मेट्न जापानी नाइट क्लबहरूमा दुई-तीनपल्ट पस्दा त्यहाँ खास यौनउन्मुख उच्छृङ्खलता भने केही देखिनँ जुन पश्चिमेली देशका रात्रिजीवनमा विशेष रूपले देखिने हुन्छ । बरु बियर पिउन आउने ग्राहकहरू आएर नजाउन्जेल उनीहरूसँगै बसी रमाइलो गफ गर्दै आफ्नो जिम्मेवारी राम्ररी पूरा गरेका देख्दा क्लबका त्यस्ता छुद्र व्यवसायका केटीहरूको इमानदारी प्रशंसा गर्नै पर्ने देखेँ । कुनैकुनै ठाउँमा सँगै बियर पिइसकेपछि ती युवतीहरूसँग नाच्न पाइने सुविधा पनि रहेछ । तर जापानी युवकयुवतीहरूले ' डिस्को डान्स' गरेको देख्दा तिनीहरूमा अधिकांशत: पश्चिमेली नृत्यमा हुने निपुणता नभएको र खालि रहरका लागि मात्र यसै जीउ हल्लाउँदै मस्केर बेसुरमा नाचेको जस्तो लाग्यो । यो देख्दा आफूलाई कसैले काउकुती लगाएको जस्तो अनुभव भयो र आफूजस्तो गानाको तालमा ताल मिलाएर नाच्न नचाहने व्यक्तिका लागि उपयुक्त ठाउँ जापानी नाइट क्लब नै लाग्यो ।

*(क्रमश:)*

स्वास्थ्य

## ओखर खाँदाका फाइदाहरू

ओखर एकदमै ठूलो हुने रुख हो । यसको रुख धेरै बलियो हुन्छ । यस रुखको आयु सरदर २०० बर्ष हुन्छ । ओखरको एक बयस्क रुखले १०० देखि २०० केजीसम्म फल दिन्छ । यो दुई प्रजातिको हुन्छ । प्राय: नेपालमा हाडे ओखर बनजङ्गलमा पाइन्छ । दाँते प्रजातिको ओखर राम्रो हुन्छ । यसको बाहिरी भाग नरम हुने हुँदा दाँतले नै फुटाएर खान सकिन्छ ।

नेपालमा ओखरको खेती समुद्री सतहबाट ९०० मिटरदेखि ३५०० मिटरसम्म गर्न सकिन्छ । ओखरको रुख ठूलो हुने हुँदा यसलाई ७–७ मिटरको फरकमा लगाउनु पर्छ । यो बिरुवा १ रोपनीमा १०-१५ ओटा लगाउन सकिन्छ । यस बिरुवाले ५–६ बर्षबाट उत्पादन दिन सुरु गर्दछ । २ फिटको खाडल खनेर मल र माटोको मिश्रण राख्ने । त्यसपछि नयाँ पालुवा आउनुअघिको बिरुवालाई रोप्ने । हिउँदको समयमा पानीको राम्रो व्यवस्थापन गर्न सकिन्छ भने हिउँदमा पनि राम्रोसँग यसलाई लगाउन सकिन्छ । स्याहार सुसार राम्रोसँग गरेर एक पटक हुर्काएको बिरुवालाई हुर्किसकेपछि त्यति धेरै हेरचाह गर्नु नपर्ने । ओखर खाँदा निम्न फाइदाहरु छन् :

१. मधुमेहका बिरामीहरुका लागि ओखरले धेरै नै फाइदा गर्ने चिकित्सकहरु बताउँछन् । त्यसैले मधुमेहका बिरामीहरुका लागि फाइदाजनक हुन्छ ।
२. ओखरमा प्रशस्त मात्रामा क्याल्सियम हुन्छ जसले हड्डी बलियो बनाउन आवश्यक पोषक तत्व प्रदान गर्दछ ।
३. एक दिनमा ४-५ वटा ओखरको सेवन गर्नाले मुटुलाई स्वस्थ राख्नुका साथै शरीरमा कोलेस्ट्रेरोलको मात्रा कम गर्न मद्दत गर्छ ।
४. ओखरको सेवनले मानसिक समस्या कम गर्नुका साथै तनावबाट मुक्ति मिल्छ ।
५. यसको नियमित सेवन गर्नाले मस्तिष्कलाई स्वस्थ बनाइराख्न मद्दत गर्छ ।
६. ओखरमा प्रशस्त मात्रामा फाइबर हुन्छ जसले पाचनक्रियालाई मजबुत बनाउँछ । यसको नियमित सेवनले कब्जियतसम्बन्धी समस्याबाट मुक्ति मिल्न सक्छ । ओखर खाँदा मृर्गौलामा पत्थरी हुने सम्भावना कम हुन्छ ।
७. ओखरमा भिटामिन 'ई' हुन्छ जसले छालासम्बन्धी समस्याबाट मुक्ति दिलाउँछ । यसले छालालाई सुन्दर र स्वस्थ राख्नमा मद्दत गर्छ ।
८. ओखरमा पोलिफेनोलिक कम्पाउन्ड र फाइटोकेमिकल्स पाइन्छ, जसले शरीर दु:ख्ने, पोल्ने, जोर्नीमा जलन हुने आदि समस्याबाट राहत दिन्छ ।
९. ओखर विभिन्न भिटामिनको राम्रो स्रोत हो । ओखरमा शरीरलाई चाहिने भिटामिन-ई, भिटामिन-बी, भिटामिन-बी ६ जस्ता अत्यावश्यक तत्व पाइन्छ । अनिद्राको समस्या भएकाहरूलाई ओखर रामवाण हो ।
१०. सुत्नुअघि भिजाएको ओखर खानाले मीठो निद्रा लाग्छ अथवा खानासँगै सलादमा ओखर छरेर पनि खान सकिन्छ । ओखरमा पाइने मेलाटोनिन नामक तत्वले निद्रा लगाउने गर्छ ।

## बदाम खाँदाको फाइदा

जाडो मौसम शुरु भइसकेको छ। जाडोमा घाम ताप्दै बदाम खानुको मजा नै बेग्लै। आनन्ददायक मात्र होइन शरीरका लागि निकै फाइदाजनक बदाम । बदाम वानस्पतिक प्रोटिनको भरपुर स्रोत पनि हो। बदाममा दूध र अण्डाको तुलनामा धेरै प्रोटिन हुन्छ। यसमा आइरन, नियासिन, फोलेट, क्यालसियम, र जिङ्क भरपुर मात्रामा पाइन्छन्। बदाममा भिटामिन 'ई', भिटामिन 'के' र भिटामिन 'बी ६' पाइन्छ। यी तत्त्वहरूको फाइदा लिन प्रत्येक दिन रातो पत्रसहितको बदाम कम्तीमा २० दाना खानुपर्ने बताइन्छ।

यस्ता छन् बदामका फाइदाहरू

बदामको प्रयोगले छाला र हाडलाई पनि फाइदा पुर्‍याउँछ।

प्रत्येक दिन बदाम खानाले महिला र पुरुषको हर्मोनहरू सन्तुलनमा रहन्छन्।

गर्भवती महिलाहरूलाई पनि यसले फाइदा पुर्‍याउँछ। यसले गर्भमा रहेको शिशुको विकासमा पनि मद्दत गर्छ।

यसको नियमित प्रयोगले भोक नलाग्ने समस्याबाट पनि छुटकारा पाउन सकिन्छ। यसका साथै फोक्सोलाई पनि मजबुत बनाउँछ।

बदामले पेटसम्बन्धी रोग निको पार्छ। यसको नियमित प्रयोगले ग्यास र एसिडिटीको समस्याबाट पनि मुक्ति पाउन सकिन्छ।

बदामको प्रयोगले कलेस्ट्रोल नियन्त्रण गर्न पनि मद्दत गर्छ। बदामको नियमित सेवनले मुटुको रोगहरूबाट पनि टाढा रहन सकिन्छ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

२०७६ मंसिर १४ गते शनिबार हुने प्रतिनिधिसभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका प्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष पदको उपनिर्वाचनमा सहभागी भई आफ्नो मताधिकारको सदुपयोग गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# श्रीलंकामा राजापाक्षेको जित : भारतलाई झड्का



विष्णु भट्टराई

**राजापाक्षेको विजयले सन् २००५ देखि २०१५ को अवधिमा उनी रक्षासचिव हुँदा पीडित बनेका व्यक्ति दुःखी छन् । सो अवधिमा उनका दाजु महिन्दा राजापाक्षे राष्ट्रपति थिए । गोताबय राजापाक्षे रक्षासचिव हुँदा सरकारको आलोचना गर्ने दर्जनौं पत्रकारको अपहरणपछि यातना दिएर हत्या गरिएको थियो ।**



श्रीलंकाको राष्ट्रपतीय निर्वाचनको परिणामले भारतलाई झड्का दिएको छ । भारत समर्थित सजिथ प्रेमादासा पराजित भएका छन् । राष्ट्रपति मैत्रीपाला सिरिसेनालाई प्रतिस्थापन गर्ने गरी भएको राष्ट्रपति निर्वाचनमा पूर्व रक्षासचिव गोताबाय राजापाक्षे विजयी भएका छन् । उनी चीन समर्थक मानिन्छन् । प्रेमदासा भारत र अमेरिकाका निकटका रुपमा चिनिएका व्यक्ति हुन् । राजापाक्षे श्रीलंकामा चिनियाँ लगानी बढाउने र प्रेमदासा चीनको होइन भारतको लगानी बढाउने पक्षधर हुन् । दक्षिण एसियामा प्रभाव जमाउने भारतीय महत्वकांक्षामाथि श्रीलंकाको राष्ट्रपति चुनाव परिणामले गतिलो झापड हानेको छ । छिमेकीलाई पहिलो प्राथमिकता भन्ने भारतले आफ्ना छिमेकीमाथि हैकमपूर्ण रवैया अपनाउँदै आएको छ । भुटानको रक्षा र विदेश नीति आफैंले तयार गर्दै आएको भारतसँग भुटान विश्व बिरादरीमा उभिने प्रयास गरिरहेको छ । पाकिस्तानको आजाद कस्मिर भूभागलाई मात्र होइन, नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई आफ्नो नयाँ राजनीतिक नक्सामा समेटेर भारतले भौगोलिक विस्तारवादी चेहरा देखाएको छ । माल्दिभ्समा भने आफ्ना यस मेनलाई सत्ताको नेतृत्वमा पुर्‍याउन भारतले सफलता पाएको छ । आफ्ना छिमेकीहरुलाई आफ्नो निर्देशनमा चल्न लगाउने भारतको रणनीति श्रीलंकाको हकमा असफल भएको छ ।

अंग्रेज उपनिवेशकालमा श्रीलंकाले पनि उसको औपनिवेशिक सास्ती खेप्नु परेको थियो । श्रीलंका लामो समयसम्म गृहयुद्धले थिलथिलो भएको देश हो । छुट्टै तमिल राज्यको माग गर्दै तमिल टाइगर्सले आफ्ना प्रायद्वीपलाई आधार इलाका बनाएर श्रीलंकामा हिंसात्मक विद्रोह गरेको थियो । उक्त विद्रोहले भारतीय हस्तक्षेपलाई समेत भित्र्याएको थियो । जब महिन्दा राजापाक्षे त्यहाँको राष्ट्रपतिमा निर्वाचित भए उनले अखण्ड श्रीलंकाका लागि तमिल विद्रोह दमन गर्ने नीति लिए । श्रीलंकामा चलेको अढाई दशक बढीको तमिल विद्रोह सुरुमा भारतीय आड र सहयोगमा भएको थियो । पछि तमिल टाइगर्सका नेता प्रभाकरणको भारतसँग दूरी बढेपछि तमिल विद्रोहलाई दबाउन तत्कालीन भारतीय प्रधानमन्त्री राजीव गान्धीले श्रीलंकामा भारतीय सेना प्रवेश गराएका थिए । श्रीलंकामा भारतीय सेना प्रवेश गराएर तमिलमाथि दमन गर्नु नै राजीव गान्धीका लागि आत्मघात सावित भयो । तमिल टाइगर्सका गुरिल्लाले गान्धीलाई आत्मघाती बम हमला गरी हत्या गरे । त्यसो त श्रीलंकाका तत्कालीन राष्ट्रपति रणसिंघे प्रेमादासालाई पनि तमिल टाइगर्सले आत्मघाती हमला गरी हत्या गरेको थियो । तमिल टाइगर्सले आत्मघाती बम हमलाद्वारा श्रीलंकाका राजनीतिज्ञहरुलाई सिध्याउने क्रमिक अभियान नै सुरु गरेको थियो । जब महिन्दा राजापाक्षे नयाँ राष्ट्रपतिका रुपमा श्रीलंकाको राजनीतिमा उदाए, तमिल टाइगर्सको पतनको श्रृंखला सुरु भयो । राजापाक्षेले तमिल टाइगर्स विद्रोह दबाउन चीनसँग हारगुहार गरे । चीनले श्रीलंकाली सेनाका लागि अत्याधुनिक हतियारहरु उपलब्ध गरायो । चीनद्वारा प्राप्त हतियारले नै श्रीलंकाली सेनाले तमिल विद्रोहलाई सदाका लागि विसर्जन गरायो ।

राष्ट्रपतिमा निर्वाचित राजापाक्षे पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेका भाइ हुन् । गोताबयले झन्डै ५३ प्रतिशत मत प्राप्त गरेको उनका प्रवक्ताले जानकारी दिएका छन् । 'गोताबयको प्रस्ट जित भएको छ, यो जितले हामी खुसी छौं,' राजापाक्षेका प्रवक्ता केहेलिया राम्बुक्वेलाले भने । राजापाक्षे विजयी भएको उनका प्रतिस्पर्धी सजिथ प्रेमादासले स्विकारेका छन् ।

श्रीलंकालाई सबैभन्दा बढी आर्थिक सहयोग गर्ने चीनसँगको सम्बन्धलाई गोताबय राजापाक्षेले जोड दिँदै आएका थिए । शनिबारको निर्वाचन सन् २००९ मा गृहयुद्ध अन्त्य भएपछिको तेस्रो चुनाव हो ।

निर्वाचन अभियानमा उम्मेदवारहरूले राष्ट्रिय सुरक्षा, आर्थिक सुधार, भ्रष्टाचार न्यूनीकरण, सार्वजनिक सेवाको सुधारलगायत विषयलाई मुख्य एजेन्डा बनाएका थिए । मतदानका लागि देशभरि १२ हजारभन्दा बढी मतदान केन्द्र राखिएको थियो भने ६८ हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो । निर्वाचन आयोगका अध्यक्ष महिन्दा देशाप्रियाले शनिबार भएको मतदानका क्रममा कुल मतदातामध्ये झन्डै ८० प्रतिशत मतदाता सहभागी भएको बताए ।

को हुन् गोताबय राजापाक्षे ?

पूर्वरक्षासचिव गोताबय श्रीलंकाका विवादित नेता हुन् । श्रीलंकामा १० वर्ष लामो रक्तपातपूर्ण गृहयुद्धमा तमिल विद्रोहीलाई दमन गर्न उनको महत्वपूर्ण भूमिका रहेको भन्दै गोताबयको आलोचना हुँदै आएको छ । अल्पसंख्यक तमिलमाझ उनी अलोकप्रिय भए पनि बहुसंख्यक सिंहाली जनसंख्याले भने उनलाई वास्तविक नायक मान्छन् ।

श्रीलंकामा अतिवादी हमला बढिरहेका वेला त्यसलाई नियन्त्रण गर्न आफू सक्षम रहेको उनले बताउँदै आएका छन् । 'आमश्रीलंकालीको सुरक्षाको जिम्मा लिन चाहन्छु,' यसै साता कोलम्बोमा आयोजित श्रीलंका पिपुल्स फ्रन्टको सम्मेलनमा उनले भनेका थिए । ७ महिनाअघि २५३ जनाको मृत्यु हुने गरी भएको अतिवादी हमलापछि वर्तमान सरकारप्रति श्रीलंकाभर आक्रोश छ । आलोचनाकै कारण वर्तमान राष्ट्रपतिले उम्मेदवारी दिने साहस गरेनन् ।

राजापाक्षेको विजयले सन् २००५ देखि २०१५ को अवधिमा उनी रक्षासचिव हुँदा पीडित बनेका व्यक्ति दुःखी छन् । सो अवधिमा उनका दाजु महिन्दा राजापाक्षे राष्ट्रपति थिए । गोताबय राजापाक्षे रक्षासचिव हुँदा सरकारको आलोचना गर्ने दर्जनौं पत्रकारको अपहरणपछि यातना दिएर हत्या गरिएको थियो । त्यस्तै हजारौं तमिल विद्रोहीलाई बेपत्ता पारिएको थियो । तर, सात महिनाअघि इस्टर सन्डे हमलापछि मानिसको मन परिवर्तन भइसकेको थियो । हमलामा मारिएका आफन्तको अन्त्येष्टिमा पुगेका एक व्यक्तिले रुँदै भनेका थिए, 'हामीलाई गोताबय चाहिन्छ । मुलुकलाई उनको खाँचो छ ।'

आफूमाथि लागेको युद्ध अपराधको आरोप गोताबयले अस्वीकार गर्दै आएका छन् । उनको शासनकालमा धार्मिक तथा अल्पसंख्यक समुदायको अधिकारको सम्मान नहुने चिन्ता बढेको छ । तर, गोताबयले त्यस्तो चिन्ता हटाउने कोसिस गरेका छन् । 'सबै धर्म र समुदायलाई शान्तिपूर्ण बाँच्न सक्ने अवस्था सिर्जना गर्न म प्रतिबद्ध छु,' उनले भनेका छन् ।

उनीमाथि अमेरिकी अदालतमा मुद्दा चलिरहेको छ । अप्रिलमा दायर गरिएको एउटा उजुरीमा उनीमाथि एक समाचार पत्रका सम्पादक लसान्था विक्रमातुंगेको एक दशकअघि हत्या गरेको आरोप लागेको छ । त्यस्तै, अर्को मुद्दा गृहयुद्धको समयमा थुनामा रहेका तमिललाई यातना दिएको विषयसँग सम्बन्धित छ । विक्रमातुंगे दि सन्डे लिडरका प्रसिद्ध सम्पादक थिए । उनी राजापाक्षेका प्रखर आलोचकसमेत थिए । रक्षामन्त्री राजापाक्षेले हतियार किन्ने क्रममा भ्रष्टाचार गरेको भन्दै उनले शृंखलाबद्ध रिपोर्ट प्रकाशित गरेका थिए ।

झण्डै दश बर्ष अगाडी रक्षामन्त्री रहेका बेला तमिल टाईगर्सको द्वन्द्व अन्त्यका लागि महत्वपूर्ण भूमिका खेलेका राजापाक्षे नयाँ राष्ट्रपतिमा निर्वाचित भएका हुन् । राजाषाक्षे श्रीलङ्काली सेनाका पूर्व 'लेफ्टिनेन्ट कर्णेल' समेत हुन् ।

निर्वाचनका बेला उम्मेदवारहरुले राष्ट्रिय सुरक्षा, आर्थिक सुधार, भ्रष्टाचार न्युनिकरण, सार्वजनिक सेवाको सुधार लगायतका विषयलाई मुख्य एजेण्डा बनाएका थिए । मतदानका लागि देशभरी १२ हजारभन्दा बढी मतदान केन्द्र राखिएको थियो भने ६८ हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

राष्ट्रपति चयनका लागि एक करोड ६० लाख मतदाता रहेका थिए भने ३५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । सन् २००९ मा गृहयुद्ध अन्त्य भएपछि भएको यो तेस्रो निर्वाचनमा वर्तमान राष्ट्रपति मैत्रीपाला सिरिसेना भने यस निर्वाचनमा सहभागी भएनन् । सात महिना अघि २ सय ५३ जनाको ज्यान जाने गरी भएको भएको घटनामा उनको आलोचना भएकाले उनी अहिले उम्मेदवार नबन्नु भएको विश्लेषण गरिएको छ ।

इस्लामिक स्टेट्स समूहसँग सम्बद्ध व्यक्तिले श्रीलङ्का गिर्जाघर र होटलमा शृङ्खलावद्ध विस्फोटन गराउँदा कम्तीमा २ सय ५३ व्यक्तिको मृत्यु भएको थियो । सरकारले त्यो घटना हुनुमा गुप्तचरी निकाय तथा सुरक्षा निकायको कमजोरी रहेको स्वीकारेको छ । त्यसैले अहिले श्रीलङ्कामा राष्ट्रिय सुरक्षा सबैभन्दा ठूलो मुद्दा बनेको छ भने उम्मेदवारले अल्पसख्याको समानता, बेरोजगारी, अन्य सामाजिक विषय, गरिबी अन्त्य, गुणस्तरीय घर निर्माणलगायतका विषयलाई चुनावी एजेण्डा बनाएका थिए ।

अन्तर्राष्ट्रिय विषयमा भने राजापाक्षले श्रीलङ्कालाई सबैभन्दा बढी आर्थिक सहयोग गर्ने चीनसँग सम्बन्ध सुधार्नु पर्नेमा जोड दिएपनि प्रेमादासले भारत र अमेरिकासँग थप सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।

राजापाक्षले लिए राष्ट्रपतिको शपथ

श्रीलंकाका नवनिर्वाचित राष्ट्रपतिमा गोटाभया राजापाक्षले सोमबार पद तथा गोपनीयताको शपथ लिए । उनी श्रीलंकाका आठौं राष्ट्रपति हुन् ।

राजापाक्षले श्रीलंकाको अनुराधापुरास्थित बौद्ध मन्दिरमा शपथ लिएका हुन् । उनलाई श्रीलंकाको प्रधानन्यायाधीश जयन्था जयसूर्याले शपथ गराए । शनिबार भएको चुनावमा उनले ३५ प्रत्याशीलाई पराजित राष्ट्रपतिमा निर्वाचित भएका हुन् ।

शपथ ग्रहणपछि राष्ट्रका नाममा सम्बोधन गर्दै राजापाक्षले 'राष्ट्रिय सुरक्षालाई प्रमुख प्राथमिकता दिने' बताएका छन् । उनले आफू सिंहला समुदायको मतका कारण राष्ट्रपतिमा चुनिएको बताए । उनले भने, 'म सिंहला समुदायको मतले मात्रै पनि राष्ट्रपतिमा निर्वाचित हुन सक्थें । तर मैले तमिल र मुस्लिम समुदायलाई पनि सहयोगका लागि आग्रह गरें ।' राजापाक्ष यसअघि सन् २००५ देखि २०१५ सम्म श्रीलंकाको रक्षामन्त्री बनेका थिए ।

*एजेन्सीहरूको सहयोगमा*

# खैरावाङ मन्दिर कर्णालीको धार्मिक पर्यटन स्थल

visit nepal 2020 Lifetime Experiences

स्थानीय वासिन्दाको भनाइलाई आधार मान्दा, परापुर्वकालको कुरा । स्थानीय एक महिला सदाझैं त्यस दिन पनि घाँस काट्न जंगलमा गएकी रैछिन् । घाँस काट्दै गर्दा एक्कासी उनले कतैबाट नौमती बाजा बजेको सुनिछिन् । आवाज बिस्तारै बिस्तारै ठूलो भैरहेको उनले पाइन् । एकाएक आएको आवाजले उनको होसहवास नै उडाइ दियो । प्रतिक्रियामा उनले चिच्याउदै सबै गाउँलेलाई बोलाइन् । सबै गाउँले पनि आत्तिदै जम्मा हुन पुगे । आवाज अझै आइरहेकै थियो । सबैजना गाउँले आवाजको स्रोत खोज्दै हिड्न थाले । खोज्दै जाँदा जंगलको बिचतिर रहेको एउटा बाँझको रुखमुनिबाट आवाज आइरहेको बुझ्नमा आयो । यसो नियालेर हेर्दा रुखको फेदैमा एउटा खड्ग निसानाको खुडा तलमाथि गर्ने क्रममा आवाज आइरहेको रहेछ ।

यो अजिबको लिला देखेर उनीहरू सब आश्चर्यचकित भए । संयोगबस त्यही रात गाँउको एक पण्डितको सपनामा समेत देवी प्रकट भएसँगै त्यहाँ मन्दिर बनाई पुजाआजाको सुरुवात भएको पौराणिक किंवदन्ती रहेको पाइन्छ ।

मन्दिरबारे केही महत्वपूर्ण जानकारी :

- कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको शारदा नगरपालिकामा अवस्थित ।
- दाङ तुल्सिपुरदेखि करिब ३ घण्टा तथा सल्यान जिल्लाको व्यापारिक केन्द्र श्रीनगरबाट झण्डै आधा घण्टाको दुरीमा रहेको ।
- ऐतिहासिक, धार्मिक एवम् प्राकृतिक पर्यटनका दृष्टिले निकै महत्वपूर्ण स्थल ।
- समुन्द्री सतहदेखि १,६०० फिटको उचाइमा २७ रोपनी क्षेत्रफलमा फैलिएको ।
- विशेषगरी बिजयादशमी तथा चैते दशैंको दिन पञ्चबलिका रुपमा राँगा, बोका, भेडा, परेवा र हाँसको बलि दिई भव्य रुपमा पुजा आराधना गर्ने प्रचलन रहेको ।
- मन्दिर दर्शन गर्न सल्यान सँगै दाङ, रूकुम, रोल्पा, प्युठान, बाँके, वर्दिया, सुर्खेत, कैलाली, दैलेख र जाजरकोट लगायत भारतका विभिन्न स्थानबाट समेत भक्तजनहरू आउने गरेका ।
- नेपाल एकीकरण भन्दा पहिलेदेखि नै सल्यान, जाजरकोट, रुकुम, रोल्पा र प्युठानका राजाहरूले शक्तिपिठको रूपमा मान्दै आएका ।
- नेपाल एकीकरण पश्चात राजा गीर्वानयुद्धविक्रम शाह, पृथ्वीवीर विक्रम शाह, राणा प्रधानमन्त्री जङ्गबहादुर राणा आएका थिए भने राजा महेन्द्र, वीरेन्द्र, ज्ञानेन्द्र पनि कुल देवताका रूपमा पूजा गर्न आएका ।



प्रेरक

# अपमानको सिंढी

एकपटक भगवान् बुद्ध भ्रमणका क्रममा शिष्यसँगै नयाँ राज्यमा पुगे। जहाँकी रानी अत्यन्त क्रुर थिइन्। उनी जनतामाथि घोर अत्याचार गर्थिन्। उनी साधु, सन्तलाई समेत देखिसहन्न्थिन्। गौतम बुद्ध दलबलसहित आफ्नो राज्यमा प्रवेश गरेको खबर सुनेपछि रानीले सेवकलाई बुद्धको अपमान गरेर उनलाई राज्यबाट धपाउन आदेश दिइन्। रानीका सेवकले पनि बुद्धको अपमान गर्न कुनै कसर बाँकी राखेनन्। तिनले नगरवासीका मनमा पनि बुद्धप्रति अनादर भाव बढाए।

रानीका सेवकहरूको उक्साहटमा लागेर नगरवासीले बुद्धलाई दुष्ट र ढोंगी भन्दै अपमानित गरे। तर, बुद्ध भने चन्द्रमाजस्तै शीतल र शान्त रहे, कुनै प्रतिक्रिया जनाएनन्। उनले आफ्नो आलोचना सुनेजस्तो व्यवहार देखाएनन्। तर, बुद्धको आलोचना सुनेपछि उनका अनुयायी भने क्रोधित भए। उनीहरूले भगवान् बुद्धसित बिन्ती गरे- भगवान्, हामी यहाँबाट अन्यत्र यस्तो ठाउँमा जाऔं, जहाँ हाम्रो कसैले अपमान नगरोस्, हाम्रो कीर्ति र यशको चर्चा होस्, हाम्रो स्वागत र सत्कार होस्।

बुद्धले शिष्यको आग्रह शान्तिपूर्वक सुने र भने- मेरा प्यारा मित्रगण, हामी जहाँ-जहाँ पुग्छौं, त्यहाँ हाम्रो स्वागत, सत्कार र जयजयकार हुनैपर्छ भन्ने छैन। मानिसले हामीलाई मान, सम्मान र प्रेम दिनैपर्छ भन्ने पनि छैन। कुनै स्थानमा हाम्रो अनादर हुन्छ भने त्यहाँका मानिसले हाम्रा कुरा सुनेर, विचारलाई स्विकारे र हाम्रो भावना नबुझुन्जेल त्यहाँबाट जानु हुँदैन। मानिसको जीवनमा आलोचना र अपमानको निकै ठूलो महत्व हुन्छ। यिनै व्यक्तिका सफलताका सिँढी हुन्। आलोचना र अपमानका सिँढी चढ्न डराउनुभयो भने तपाईं कहिल्यै सफल हुन सक्नुहुन्न। त्यसैले, यसको डटेर सामना गर्न सक्नुपर्छ। अपमानको बदला अपमान होइन, शान्त रहेर सामना गर्नुपर्छ। आफ्नो अपमान गर्ने व्यक्तिलाई सम्मान दिन सक्नुपर्छ।

बुद्धले थप केही दिन त्यस सहरमा बसेर अपमान सहन गरिरहे। बिस्तारै उनको ज्ञान र विचारको आभाले नगरवासीलाई आकर्षित गर्दै गयो। उनीहरूले बुद्धको महानताको अनुभव गर्दै गए। अन्ततः उनीहरू बुद्धका प्रशंसक बने।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरले पछ्याए पनि कर्मगतिले पछि पार्न सक्छ । प्रतीक्षा गरिएको नतिजा सकारात्मक नहुने समय छ । सहयोगीहरूले साथ दिन छाड्नेछन् भने अस्वस्थताले कमजोर महसुस हुनेछ । व्यवसायमा सोचेको फाइदा नउठ्न सक्छ । बौद्धिक व्यक्तित्वसँग प्रतिस्पर्धामा उत्रनुपर्ला । अध्ययनमा समय दिन नसकिएला । गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । स्थायी सम्पत्तिमा विवाद आउने सम्भावना देखिएकाले सजग रहनुहोला । बलजफ्तीले परिस्थिति बिग्रन सक्छ । बेसुरमा दिइएको वचनले पनि समस्या निम्त्याउन सक्छ । शुभचिन्तकहरूको सुझावलाई विशेष ध्यान पुर्याउनुहोला । कामविशेषले बन्धु-बान्धवसँग नजिकिने समय छ ।

### मिथुन

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । पुरुषार्थद्वारा उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार हातलागी होला । कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ ।

### कर्कट

आलस्य गर्ने बानीले पहिलेकै काम दोहोर्याउनुपर्ने हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा पनि केही विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । ईर्ष्या गर्नेहरूले बिनाकारण सताउन सक्छन् । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### सिंह

अवसर प्राप्त भए पनि नियमित काममै अलमलिनाले पछि परिनेछ । पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला। आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला ।

### कन्या

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ। अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफूलाई समस्या पर्दा साथीभाइले समेत वास्ता गर्न छाड्नेछन् । प्रयत्न गर्दा पछि यात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ ।

### तुला

मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

### बृश्चिक

मिहिनेतले विशेष जिम्मेवारी दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्नेछ भने आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कीर्तिमानी काम सम्पादन गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। सामाजिक दायित्व बढ्नेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### धनु

बाध्यतामा अलमलिनुपर्दा चिताएको काममा बाधा आउला । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । परिस्थिति त्यति अनुकूल नरहला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ। गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। तर नयाँ काम गर्न समय लाग्नेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ। गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ। स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

### कुम्भ


परिस्थिति अनुकूल रहनेछ भने लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

### मीन

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु र रोगबाट भने सजग रहनुपर्ला। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

# माटो विनाको खेती

■ मधु श्रेष्ठ



नेपाल कृषि प्रधान देश हो । पहिला पहिला कृषिलाई नै आम्दानीको स्रोत भन्ने गरिन्थ्यो । अरु देशमाझैं विभिन्न किसिमका खानीहरु हाम्रो देशमा नभएको त पक्कै होइनन् तर यस्ता चिजबिजहरु खोजेर प्रयोग गर्ने कार्य राज्यबाट भएको त्यति देखिदैन । आज भोलि हाम्रो देशको कृषिको अवस्था खास गरेर काठमाण्डौमा त्यति राम्रो भन्न मिल्दैन । किनभने हामीले सधैंजसो खाने तरकारी, फलफूल आदिहरुमा धेरै नै विषादी मिसाइएको कुरा त हामी सबैमा अवगतै छ ।



स्वास्थ्यलाई अति हानी गर्ने यस किसिमका विषादी भएको खानेकुरा खान बाध्य भएका नेपालीहरुको लागि आधुनिक तरिकाले उब्जाउ गर्न सिकाउने अनि समाजलाई नै भलो हुने काम गर्न हुने विप्लभ सिंह ले २ वर्ष अगाडि Aero Roots नामक कृषि कम्पनी स्थापना गर्नु भएको हो । यसको कार्यालय नयाँ बानेश्वरमा छ ।

कुनै पनि चिजविजको राम्रो उब्जाउ हुनाको लागि माटो नै गतिलो हुनुपर्छ भनिन्छ । तर यसमा अचम्मको कुरा के छ भने माटोविना नै राम्रोसँग उब्जाउ गर्ने कार्य एरो रुट्सबाट गरिन्छ । यतिमात्रै होइन यस किसिमको खेतीको लागि पानि पनि साह्रै कम भए पुग्छ । यही कुराको सन्दर्भमा विप्लभजी भन्नुहुन्छ 'यसबाट खेती गर्नका लागि माटोको आवश्यक पर्दैन अनि विरुवालाई सपोर्ट वा ठड्याउनको लागि भने प्लाष्टिकका ग्लासहरु वा भाडाहरुको प्रयोग गर्न सकिन्छ ।' यसमा माटोमा उब्जाउ हुने सपवा जस्तै घाम, अक्सिजन, पानी भने थोरै चाहिन्छ । यसको मल विशेष किसिमको हुन्छ जुन एरो रुट्स कम्पनीमा नै बनाउने गरिन्छ। यस तरिकाले खेती गर्दा पानी घाम हावाबाट हुस्सु बनाइन्छ र यसैबाट उब्जाउ राम्रो हुने कुरा पनि उहाँ बताउनु हुन्छ। यसको लागि ड्रममा पाइप फिट गरी विशेष किसिमले बनाइने रहेछ ।

नेपालमा माटो विनाको खेती गर्ने प्रणाली सबैभन्दा पहिले एरो रुट्सबाटै भएकामे रहेछ । विप्लभ सिंह सिजर राणालगायत एघार बाह्रजनाको टिमले यो कम्पनी चलाइरहनुभएको छ । विप्लभजी भन्नुहुन्छ 'हाम्रो मुख्य उद्देश्य भन्नु नै पुरानो ढंगबाट गरिने कृषिलाई परिवर्तन गरी आधुनिकीकरण वा वैज्ञानिक ढंगबाट अर्गानिक खेती गर्नु हो ।' यसले कौसी खेतीलाई पनि धेरै प्रोत्साहन गर्छ । यो प्रणालीबाट खेती गर्दा अटोमेटिक तरिका हुन्छ । यो भनेको बिरुवाले आफूलाई चाहिने पानी मल लिइसकेपछि लिने प्रक्रिया आफैं बन्द हुन्छ । यसरी यस प्रणालीबाट खेती गर्दा बिरुवालाई चाहिने आवश्यक राहत स्वतः पूर्ति हुने हुँदा उब्जाउ पनि राम्रो हुने रहेछ ।

माटो विना पनि खेती हुन्छ भन्ने कुरा केही वर्ष अगाडिबाट मात्र प्रचलनमा आएको रहेछ । हाम्रो देशमा भने पहिले यसबारे त्यति थाहा नभएको रहेछ । विप्लभजीका अनुसार यो प्रणाली सबैभन्दा पहिले अमेरिकाका नासाका अन्तरिक्ष यात्रीहरुले उनीहरु अन्तरिक्षमा जाँदा उब्जाउ गरी खाने सिलसिलामा यो प्रणालीको विकास गरेका रहेछन् । पछि चीनलगायत अन्य देशका अन्तरिक्ष यात्रीहरुले पनि यस प्रणाली विकास गरी आफ्नो खाद्य आवश्यकता पूर्ति गर्ने गरेका रहेछन् ।

अहिले एरो रुट्सले विकाश गरेको यो कृषि प्रविधिलाई विश्वका विभिन्न देशहरुले मनपराइरहेको अवस्था छ । विप्लभजीका अनुसार एरोरुट्सले भियतनाममा भएको युथ कोलायव दोस्रोमा सहभागिता गरी, प्रतिष्पर्धामा उत्री नेपाललाई मेडल जिताएको मात्रै नभई बेलायत अनि जर्मनीमा भएको यस प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय जमघटहरुमा सफलताका साथ आफ्ना कार्य अनुभवहरु प्रस्तुत गरेको र सोही कारण नेपाल सरकारबाट पनि युवा प्रतिभा पुरस्कार प्राप्त गरिसकेको बताउनु हुन्छ ।

अहिले एरो रुट्सले स्वचालित तरिकाबाट लौका, काउली, बन्दा, गोलभेडा, करेला, साग, खोर्सानी आदि धेरै किसिमका तरकारीहरु उब्जाउ गरिसकेको छ । त्यसै गरी फलफुलहरुमा स्ट्रवेर्रीको पनि सफलताका साथ उत्पदान गरिसकेको र भविष्यमा जनस्वास्थ्यको लागि महत्वपूर्ण जडिबुटीहरु उब्जाउ गर्ने एरो रुट्सले योजना बनाएको विप्लभजी बताउनु हुन्छ। वहाहरु अव परिक्षणमा मात्रै आफूलाई सिमित नराखी व्यावसायिक रुपमा नै आफूहरु अगाडि बढ्ने बताउनु हुन्छ । अहिले उहाँहरुको फार्महरु गोदावरीमा रहेको छ ।

आजकाल नेपाली जनताहरु थाहा पाउँदापाउँदै पनि विषादी तरकारी खान बाध्य छन् । यस्तो बेलामा आधुनिक ढंगले यस प्रविधिबाट अर्गानिक खेतीलाई ब्यापक गराउने हो भने खुद्रामा पनि सस्तो मूल्यमा तरकारी आपूर्ति गर्न सकिन्छ। ५४ हजारको लगानीबाट शुरु गर्न सकिने यो प्रविधिको प्रसार गर्न उहाँहरुले विभिन्न ठाउँमा आवश्यक प्रशिक्षण पनि दिनुपर्ने हुन्छ जसबाट धेरैले सिक्ने मौका पाई उत्पादनमा ब्यापक वृध्दि हुन पुग्ने छ ।

विना माटो अनि थोरै पानीले पुग्ने यस्तो आधुनिक खेती नेपालको लागि निकै उपयोगी हुन सक्ने देखिन्छ। यसको लागि ब्यापक जनचेतना दिन सके जनताहरु लाभान्वित हुन सक्छन् । विप्लभजीका अनुसार उहाँहरु न्यूरोडको बीचबीचमा तिनकुने हुने गरी, सिटी हलको छेउछाउमा यस प्रविधिबाट उत्पादन गरी प्रदर्शन गर्ने योजना बनाउनुभएको छ र यसमा उहाँहरुले महानगरपालिकालाई पनि सहभागी बनाउने सोच बनाउनुभएको रहेछ ।

अर्गानिक खेतीको ब्यापक विकास गरी यस प्रकारको आधुनिक स्वचालित तरिकाबाट विभिन्न किसिमका तरकारी र फलफूल उब्जाउ गरी समाज, जनता र देशलाई नै हित हुने काममा पाइला चाल्नु भएका विप्लभजीको कार्यको सबैले अनुशरण गर्न सके राम्रो हुन्छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Lethargic = अल्छी, जोश र जाँगर नभएको One can not expect creativity from a lethargic person like him (ऊ जस्तो जोश र जाँगर नभएको मानिसले केही सिर्जना गर्ला भनी कसैले आशा पनि राख्न सक्तैन)

Mendacious = झूटो बोल्ने, बेइमान As I found him mendacious, I left his company (जब मैले ऊ बेइमान रहेछ भन्ने कुरा पत्ता पाएँ, मैले उसको संगत छाडिदिएँ)

Nexus = पारस्परिक सम्बन्ध Similar political ambition is the basis of the nexus between them (समान राजनीतिक आस्था नै ती दुईबीचको पारस्परिक सम्बन्धको आधार हो)

Onerous = बोझिलो, एक्लैले धान्न नसकिने For being her job onerous, she asked for an assistant (काम एक्लैले धान्न नसकिने भएकोले उनले एक सहायक माग गरिन्)

Penury = कतारो थापी हिँड्नुपर्ने स्थिति If he does not start saving now, I fear he would end his day in penury (अहिलेदेखि नै उसले बचत गर्न शुरु नगर्ने हो भने मर्ने बेलामा कतारो थापी हिँड्नुपर्ने छ)

Quirk = अपरझट आएको मोड वा परिवर्तन A quirk of fate made a poor like him an affluent within a year (भाग्य बदलिँदा ऊ जस्तो गरिब पनि एकै वर्षमा सम्पन्न हुन पुग्यो)

Recondite = गोप्य र महत्वपूर्ण This book is the product of his recondite study (यो किताब उसको गहन र महत्वपूर्ण अध्ययनको उपज हो)

Scavenge= उपयोगी मालसमान बनाउने उद्देश्यले थोत्रा काम नलाग्ने बस्तु खोजी हिँड्ने In developing countries, the children are deployed to scavenge the plastic from containers (विकाशोन्मुख देशहरूमा फोहोरको डुंगुरमा फालेका प्लास्टिक बटुल्ने काममा बच्चाबच्चीलाई लगाइन्छ)

Tortuous= घुमाउरो Tribhuvan highway is so tortuous that no can drive more than thirty kilometers an hour (त्रिभुवन राजमार्ग यति घुमाउरो छ कि कसैले पनि घन्टाको तीस किलोमिटरभन्दा बढीमा हाँक्न सक्तैन)

Upshot = परिणाम The upshot of his physical performance proves that he is not less than any one of twenty four (उसको शारीरिक कामको परिणामले के प्रमाणित गर्छ भने ऊ कुनै चौविस वर्षीय युवकभन्दा कमको छैन)

# Keep बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Keep somebody under = अधिनमा राख्नु Human being does not like to be kept under मानव जाति अधिनमा रहन मन गर्दैन ।

Keep something under = नियन्त्रणमा लिनु Fireman kept easily the fire under within ten minutes अग्नि नियन्त्रकले दशै मिनेटमा आगोलाई नियन्त्रणमा लिए ।

Keep up = निरन्तरता दिनु If you keep up your hard work you will easily succeed मेहनतलाई निरन्तरता दिन्छौ भने तिमीले सजिलै सफलता हासिल गर्नेछौ ।

Keep up = वृद्धि गर्नु The high cost of raw material keeps also the price up कच्चा पदार्थको मूल्य बढ्दा वस्तुको मूल्यमा वृद्धि हुन्छ ।

Keep up = उच्च राख्नु To keep the morale of the enployee up, salary and benefits should be increased कामदारको मनोबल बढाउन तलव भत्तामा वृद्धि गर्नुपर्छ ।

Keep somebody up = निदाउन नदिनु She kept me up the whole night sharing her hardships आफ्नो दुःखका कुरा बताएर तिनले मलाई पुरै रात निदाउन दिइनन् ।

Keep something up = झर्न वा खस्नबाट रोक्नु Tight your belt to keep your trouser up पेटी बेस्सरी बाँध नत्र पाइन्ट झर्छ ।

Keep up with somebody = कसैसँग सँगसँगै लाग्नु Be slow I can not keep up with you ! विस्तारै गर म तिमी सँगसँगै लाग्न सक्तिन

Keep up with something = केहीसँग सँगसँगै लाग्नु I do not want to keep up with new style of wearing the clothes लुगा लगाउने नयाँ ढाँचासँग म सँगसँगै लाग्दिन ।

Keep women = केटी राख्नु He does not marry but keeps women for sexual pleasure ऊ विवाह गर्दैन तर यौन सन्तुष्टिका लागि केटीहरु राख्छ ।

## सुडोकु-अंक १७५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | | | |
| | | ७ | ५ | ४ | ८ | | | |
| ९ | १ | | | ७ | | ४ | | |
| | | | | | ३ | ५ | | ६ |
| | ४ | | ७ | | २ | | १ | |
| २ | | ५ | ६ | | | | | |
| | | ६ | | ९ | | | ८ | ४ |
| | | | ८ | २ | ४ | १ | | |
| | | | १ | | | | | |

## अंक १७४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ४ | ८ | ६ | २ | ५ | ३ | ७ |
| ८ | ५ | ७ | ४ | ३ | ९ | १ | ६ | २ |
| ६ | ३ | २ | ५ | १ | ७ | ८ | ९ | ४ |
| ५ | २ | ९ | ३ | ७ | ८ | ४ | १ | ६ |
| ७ | ६ | १ | २ | ५ | ४ | ९ | ८ | ३ |
| ४ | ८ | ३ | ६ | ९ | १ | २ | ७ | ५ |
| १ | ४ | ६ | ७ | ८ | ५ | ३ | २ | ९ |
| ३ | ९ | ५ | १ | २ | ६ | ७ | ४ | ८ |
| २ | ७ | ८ | ९ | ४ | ३ | ६ | ५ | १ |

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# शब्दचित्रमा सम्झना पोखरेल शाह



**Personal Details**

| | |
|---|---|
| Name: | Samjhana Pokharel Shah |
| Date of Birth: | October 4, 1969 |
| Father's Name: | Mr. Bishnu Prasad Pokharel |
| Mother's Name: | Mrs. Saraswoti Pokharel |
| Address: | Bagbazar, Kathmandu |
| Gender: | Female |
| Height: | 5.3ft |
| Marital Status: | Married with Mr. Bhoj Bahadur Shah |
| Children: | |
| Daughter: | Dr. Bigya Shah (MD in Psychiatry from AIIMS New Dehli) |
| Son: | Jason Shah Graduated in International Relation from New Orleans University Lusiana, America |
| Nationality: | Nepali |
| Religion: | Hindu |
| Mailing Address: | UJJWAL TARA SCHOOL Ujjwal Nagar, Gothatar – 9 Kageshwori Manahara Na.Pa.Kathmandu |
| **Mailing Address** | Ujjwal Tara School,Kageshwori Manahara Municipality-9, Kathmandu Telephone No: 9851019913, E-Mail: samjhanapokharel@gmail.com |

**Academic Qualification**

- Graduated from SLC Board of Nepal in 1986
- Graduated Intermediate level (1991 & 1999), Bachelor level (2000 & 2003) and Master's Degree from Tribhuvan University, Nepal in 2003
- Master of Philosophy (M.Phil) on "Subjective Self in Indian – American Fiction 2008'' from Pokhara University.

**Experience**

- Founder/Vice Principal at Ananda Bhumi Boarding High School from 1991-2012 A.D
- Founder/Principal at Ananda Bhumi Boarding High School from 2013 A.D. to 2016 March
- Secondary Level English Teacher at Ananda Bhumi Boarding High School from 1991 A.D.
- Founder/Principal Ujjwal Tara School (Elementary) Pepsicola from 2016 April.

**Published Research**

- Paper Presentation on Manto's Partition Prose: Transmission of Taruma in Literature Association of Nepal on 2nd October 2005.
- "Subjective Self in Indian – American Fiction 2008'' (M.Phil)

**Trainings**

- Creativity in Early Childhood education organized by the Goldameir Mount Carmel International, Training Centre, Haifa-Israel and Herman Gmeiner School / SOS 1991 A.D.
- Pre-Primary Teacher's Training cum workshop conducted by Kathmandu Lady Jaycees 1995 A.D.
- Management and Performance Evaluation Workshop organized by INSAF 1995 AD
- Rethinking Secondary Education- Meeting the Needs of 21st Century Youth 2000 A.D.
- Professional English Writing , American Language Centre in 2002 A.D.
- Expanding Learning Potential : Powerful Teaching & Learning Strategies Enhance Student Achievement's conducted by professor John J. Bonstingle from Columbia, Maryland USA in 2005 A.D.
- Participated in group tour program of Secondary Schools' Educator in 2008 oragnized by the Japan Foundation from 22 october to 5 November in Japan
- Different Training of Child Education, Principal & Headmaster from different places.
- Innovation & Invention Programme by Mashav Ministry of Foreign Affair and Education Dept Israel 2017 Oct 20 to Nov 10.
- Basic knowledge in handling computer.

**Awards and Rewards**

- Awarded with "ShikshyaPadak" (28th Educational Day Medal ) by Ministry of Education and Sports in 2002 A.D.
- Best President in Rotary International District 3292 Nepal & Bhutan from among Rotary Clubs of Nepal in 2013-2014 A.D.
- Awarded by civil society.

**Associated With**

- Srijansil Samaj, Shikshya Campus, PradarsaniMarga-President in 2003 A.D.
- World Peace Propagation Forum , Secretary 2003-2005 A.D.
- Member at Rotary Club of Dillibazar, Kathmandu from 2004 A.D.
- Assistant Governor Zone 3 Rotary International District 3292 Nepal and Bhutan 15-16.
- Co Chair Global Award Rotary International District 3292 Nepal and Bhutan 16-17.
- Chair Global Award Rotary International District 3292 Nepal and Bhutan 16-17,17-18
- Chairperson "Jagaran Nepal", (15-till now ) as Non profit making institution for Woman Empowerment.
- Past President of Rotary Club of Dillibazar.

**Skills**

- Good in school administration and management.
- Good in counseling.
- Good skill in written and spoken English.
- Good knowledge in Public Relation.
- Capable of conducting meetings and seminars.
- Good skill in report writing and note taking
- .Good skill in planning and programming.
- Vision of farsightedness.

**International Conference/Seminars**

- Participated in group tour program of Secondary Schools' Educator in 2008 oragnized by the Japan Foundation from 22 october to 5 November in Japan
- Youth Reporters Training Camp in Singapore 2009 A.D.
- Rotary International Convention Bangkok 2012 A.D.
- Universal Peace Forum in Bangkok in 2015 A.D.
- South Asian Womens Association in Sri Lanka in 2015 A.D.
- Innovation & Invention Programme by Mashav Ministry of Foreign Affair and Education Dept Israel 2017 Oct 20 to Nov 10.
- Rotary International Convention Toronto Canada 2018 A.D.

**Countries Visited:**
India, Australia, Japan, Singapore, America, Thailand, Bhutan, Sri Lanka, Israel, Canada, Bali Indonessia, Malasia

**Language:**
Nepali, English, Hindi

**Hobbies:**
Reading Novels, Social services, Travelling









## विचित्रको संसार

### पानीमा तैरिने होटेल

स्वीडेनको ल्यापल्याण्ड क्षेत्रस्थित ल्यूल नदीमा एक तैरने होटल बनिरहेको छ । उक्त होटल तथा स्पाको नाम 'द आर्कटिक बाथ' राखिएको छ । तैरिने होटलप्रति मानिसहरुको क्रेज यति धेरै देखिएको छ कि सन् २०२१ का लागि अहिलेदेखि नै बुकिङ सुरु भैसकेको छ । उक्त होटलमा एक दिन बस्नका लागि ८ सय १५ पाउण्ड बराबरको रकम तिर्नु पर्दछ । यो होटल गर्मीको समयमा यो नदीको पानीमाथि तैरिनेछ । जाडो याममा जब नदीको पानी जम्दछ, तब यो होटल पनि पानीसँगै जम्नेछ ।

### छ वर्षे बच्चाको कीर्तिमानी

रुसमा एकजना छ वर्षे बालकले दुनियालाई नै अचम्ममा पारिदिएको छ । इब्राहिम लियानोभ नामका ती बच्चाले केवल २ घण्टामै ३ हजार २७० पटक पुसअप गरेर रेकर्ड कायम गरेका छन् । उनको यो किर्तिमानलाई रसियन बुक अफ रेकर्डस्मा सामेल गरिएको छ ।

इब्राहिमको लक्ष्य गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा आफ्नो नाम दर्ज गराउनु हो । यसका लागि उनले हरेक दिन पुसअप गरिरहेका हुन्छन् । यसअघि गतवर्ष रुसमा एकजना पाँच वर्षका बालकले निरन्तर ४ हजा १०५ पटक पुसअप गरे रेकर्ड कायम गरेका थिए । उनलाई रुसी राष्ट्रपति भ्लादमिर पुटिनका आफन्त रमजान काडेरोभले पुरस्कारको रुपमा एक मर्सिडिज कार दिएका थिए ।

### महिला मात्र बस्ने टापु

महिला मात्र जाने र पुरुषका लागि जान बन्देज रहेको एउटा टापु छ यो दुनियामा । उक्त टापुको नाम सुपरशी टापु हो । बाल्टिक समुद्रमा रहेको फिनल्याण्डको उक्त टापु ८.४७ एक्कड क्षेत्रफलमा फैलिएको छ । उक्त टापु सर्वसाधारणका लागि यो वर्ष खुल्ला हुँदैछ । अमेरिकाकी एक धनाढ्य महिला क्रिस्टिना रोथले उक्त टापु किनेकी छिन् ।

क्रिस्टिनका यस्तो ठाउँको खोजी थिइन् जहाँ महिलाहरु आरामसँग छुट्टी मनाउन सकून् र कुनै समस्या नपरोस् । यो टापु त्यस्तै स्वप्निल ठाउँ हो । त्यहाँ महिलाहरुलाई फिटनेश, पोषण तथा अन्य सबैखाले दैनिक आवश्यकताका चिजबिजहरु प्राप्त हुनेछन् । भागदौडबाट मुक्त भएर महिलाहरु उक्त टापुमा समय बिताउन पाउनेछन् ।

यो टापुमा एउटा रिसोर्ट छ । उक्त रिसोर्टको निर्माण सम्पन्न हुनै आँटेको छ । रिसोर्ट ४ वटा क्याबिन हुनेछन् र ती क्याबिनमा १० जना महिला आरामसँग बस्न सक्नेछन् । उक्त रिसोर्टको बुकिङ खुल्ला भैसकेपछि केवल महिलाहरुले मात्र त्यहाँ कोठा बुक गर्न पाउनेछन् । रिसोर्टका कोठा बुक गर्नका लागि केवल पैसा तिरेर मात्र पुग्नेछैन ग्राहकहरुले स्काइपीको माध्यमबाट अन्तरवार्ता नै दिनुपर्नेछ ।

उक्त टापु तथा रिसोर्टकी मालिकनी क्रिस्टिना रोथ टापुमा पुरुषलाई प्रतिबन्ध लगाउनुको अन्य कुनै कारण नभएको र आफूलाई पुरुषहरुप्रति घृणा नभएको बताउँछिन् ।

### चमत्कारी शिवलिङ्ग

काठमाडौं । दुनियामा केही चिजहरु यस्ता रहस्यमयी हुन्छन् कि त्यसको गुह्य पत्ता लगाउन वैज्ञानिकहरु पनि असमर्थ हुन्छन् । भारतको हिमाचल प्रदेशमा एउटा यस्तै रहस्यमय मन्दिर छ । उक्त मन्दिरभित्र शिवलिङ्ग छ । उक्त शिवलिङ्ग यस अर्थमा निकै विशेष छ कि त्यसमा १२ वर्षमा चट्याङ पर्दछ ।

हिमाचलको मथान भन्ने क्षेत्रमा रहेको भोलेनाथ मन्दिर रहस्यले भरिएको छ । उक्त मन्दिरमा हरेक १२ वर्षमा चट्याङ पर्दछ । तर त्यसरी चट्याङ पर्दासमेत मन्दिरमा कुनै क्षति हुँदैन । तर मन्दिरभित्र रहेको शिवलिङ्ग भने टुक्रिन्छ ।

पौराणिक मान्यताअनुसार त्यहाँको विशाल उपत्यका नागको रुपमा रहेको छ, जसको शिवले वध गरेका थिए । त्यसैले हरेक १२ वर्षमा भगवान इन्द्रले भोलेनाथ अर्थात् शिवजीको आज्ञा लिएर उक्त मन्दिरमा चट्याङ पार्दछन् भन्ने मान्यता छ ।

चट्याङ पर्दा मन्दिरमा अरु क्षति हुँदैन, तर शिवलिङ्ग चाहिँ टुक्रिन्छ । त्यहाँका पुजारीहरुले फुटेको शिवलिंगलाई जोड्दछन् र घिउको लेप लगाउँदछन् । ताकि शिवजीले पीडाबाट राहत पाउन सकुन् । त्यसैले यो मन्दिरलाई स्थानीयले ' मख्खन महादेव' पनि भन्दछन् ।

## अग्निपरीक्षामा...

मुख्य कारणहरु यिनै हुन् । त्योभन्दा अझ वीरेन्द्रले इजरायलसँग मिलेर नेपाल आर्मीलाई उसको जस्तै शक्तिशाली बनाउने अभियान सुरु गरेका थिए र त्यसको लागि उनले नेपालमै हतियार उत्पादन गर्न योजना बनाउन थालेका थिए । त्यसैले भारतले वीरेन्द्रलाई दवाब दिनु आवश्यक ठान्यो । किनकि नेपाल आर्मी शक्तिशाली हुनु भारतका लागि डरलाग्दो कुरा थियो ।

२०४६ सालको आन्दोलन चर्किन थालेपछि भारतले राजा वीरेन्द्रलाई एउटा खतरनाक सन्धिको प्रस्ताव ल्यायो । जुन प्रस्ताव नेपालको सार्वभौमसत्तालाई खतरामा पार्ने खेल थियो । तर राजा वीरेन्द्र मूर्ख थिएनन् । एकदमै दूरदर्शी जनप्रिय र सच्चा राजा थिए । भारतले सोच्दै नसोचेको भयो । भारतले भयानक नाकाबन्दी लगायो नेपाललाई तर राजा वीरेन्द्र गलेनन् ।

राजा वीरेन्द्र मूर्ख थिएनन् भारतको नियत नबुझ्ने । उनले त्यही गरे जुन भारतले नसोचेको भयो । नेपाली जनतालाई उनले प्रजातन्त्र दिए र आफ्ना अधिकारमाथि कटौती गरिदिए । २०४६ सालको परिवर्तनबाट भारतले जे सोचेको थियो त्यो भएन । सबै नेताले लेण्डुप बन्न अस्वीकार गरे । आफ्नो स्वार्थ पूरा नहुने देखेर भारतले जनयुद्ध भन्ने पोक्सीवार २०५२ र २०६३ सम्म सञ्चालन गर्‍यो । यो वास्तवमा नेपालको विकासलाई तहसनहस पार्नका लागि र यहाँका नेताहरुलाई दबाबमा राख्नका लागि सुरु गरिएको थियो । वास्तविकता भनेको जुन नेपालले विकासको बाटो समाएको थियो त्यसलाई ध्वस्त पार्नु थियो । र, अन्त्यमा नेपालका नेताहरुले पनि राजा महेन्द्र, बीपी र मदन भण्डारीले जस्तै यो कुरा बुझिसकेका छन् ।

मदन भण्डारी पनि बीपी जस्तै राष्ट्रवादी थिए । उनले पनि कालापानीबाट भारतीय सेना हटाउनुपर्छ भन्ने लबिङ सुरु गरिसकेका थिए । त्यसैले मदन भण्डारीको हत्या गरियो । आज आएर नेपाली जनता र नेताहरुले पनि बुझिसकेका छन् कि भारतको नेपालप्रतिको दूरदृष्टिकोण के छ भनेर । अब भारतको यो सपना कहिल्यै पूरा नहुने देखिन्छ । नेपालको संविधान बनाउँदा पनि भारतले ठूलै खेल खेल्यो । मधेसवादी दलहरुलाई उचाल्यो । तर भारतको त्यो सपना सबै चक्नाचुर भयो । त्यतिबेला प्रधानमन्त्री केपी ओलीले ठूलै अडान लिए र भारतको लामै नाकाबन्दी पनि सहेर भारतलाई झुकाइदिए ।

अब नेतालाई गाली गर्ने बहानामा भारतलाई सजिलो नबनाऔं । नेपालको सिमाना रक्षा गर्ने मामिलामा सर्वपक्षीय सहमति भएको छ । प्रधानमन्त्री केपी ओली अलि कडा रुपमा प्रस्तुत हुने छनक पनि देखिएको छ । यो सकारात्मक पक्ष हो । पहिलो त भारतले कालापानीबाट कुनै विवाद नगरी आफ्नो सेना हटाओस् । यदि कालापानीबाट भारतले सेना हटाएन र आफ्नो ठूलो र शक्तिशाली हुनुको दम्भ देखायो भने हामीले कालापानीमा चीनलाई समेत संलग्न गराउनुपर्छ । भुटानको दोक्लाममा भुटान चीनको सीमा विवादमा भारत आफ्नो सेना लिएर जान हुन्छ भने नेपाल र भारतको सीमा विवाद कालापानीमा चीन आफ्नो सेना लिएर बस्न किन नहुने ? भारत नेपालको उत्तर सीमामा बस्न हुन्छ भने चीनलाई दक्षिण सीमामा बस्न दिने कि नदिने ? यो प्रश्न भारतलाई सोध्ने । अर्को समाधान भारतलाई कालापानी साँच्चै महत्वपूर्ण हो भने भारतले अहिलेसम्म नेपालको कालापानी र अन्यत्र जति सिमाना मिचेको छ, त्यति नै भूभाग उसले हामीलाई हाम्रो पूर्वी सिमाना समुद्रलाई छुने गरी देओस् । यो वीन वीनको सिचुएसन हुनेछ । निहुँ नै खोज्छ भने हामी पनि तयार हुनुपर्छ । नेपाल आर्मीलाई एकदमै शक्तिशाली बनाउनुपर्छ । इजरायल र उत्तर कोरिया जस्तो नेपाल आर्मीलाई शक्तिशाली बनाउनुपर्छ ।

### लिपुलेकको भौगालिक अवस्थिति

लिपुलेक दार्चुला जिल्ला व्यास गाविसको उपल्लो भागमा अवस्थित रहेको छ । यो ५,०२९ मिटरको उचाइमा रहेको चीनको ताक्लाकोट, ल्हासा, सांघाइ र बेइजिङ जाने बाटोको घाँटीका रुपमा रहेको महत्वपूर्ण भन्ज्याङ हो । यसको सामरिक, व्यापारिक, पर्यटकीय र धार्मिक महत्व रहेको छ । लिपुलेक चीनको सिल्क रोड दक्षिण एसियाली मार्गमा जोडिने एक मुख्य घाँटी पनि हो । लिपुलेक भन्ज्याङबाट ताक्लाकोट १६ किमि पूर्वी दूरीमा अवस्थित छ, जहाँ चीनतर्फबाट सडक जोडिएको छ । लिपुलेकबाट कालापानी भारतीय अर्ध-सैनिक क्याम्प १० किमि पश्चिममा पर्छ । लिपुलेकदेखि ५३ किमि पश्चिम-उत्तरमा लिम्पियाधुरा रहेको छ । लिपुलेकबाट कालापानी, माथिल्लो कावा हुँदै ओम पर्वत नजिक काली मन्दिरसम्मको क्षेत्रफल ६२ वर्गकिलोमिटर रहेको छ । लिपुलेकबाट कालापानी, माथिल्लो कावा हुँदै गुन्जी, नावि, कुटी र लिम्पियाधुरासम्मको क्षेत्रफल ३७२ वर्गकिलोमिटर रहेको छ ।

### सडक मार्ग र पदयात्रा मार्ग

भारतले दिल्ली-मोरादावाद-पिलिभित-टनकपुर-पिथौरागढ-धार्चुला-माङती-गर्ब्याङ-नापालेछु-गुन्जीसम्म लिपुलेक नजिकबाट उद्गम भएको नदी पश्चिम किनारै किनार मोटर बाटो बनाएको छ । हाल गुन्जी-कालापानी क्याम्प-तुल्सिन्युराङ-नाभिडाङ-लिपुलेक भन्ज्याङ पैदल मार्ग छ । भारतले अब यस पैदल मार्गमा गुन्जीदेखि लिपुलेकसम्म करिब १७ किलामिटर मोटर बाटो बनाउने कार्य गर्न लागेको छ । यति मोटर बाटो बनेपछि लिपुलेकसम्म आएको चिनियाँ मोटर बाटो दिल्लीसँग जोडिने छ ।

### पुराना नक्सा र दस्तावेज

नेपालको पश्चिमी सिमाना कालीनदी भनी सुगौली सन्धिमा उल्लिखित नेपालको सार्वभौमिकतामा रहेको छ । तर भारतीय अर्ध-सैनिक दस्ताले ओगटेको नेपालको लिपुलेक समेतको कालापानी-लिम्पियाधुरा अतिक्रमित क्षेत्रमा विवाद भएको छ । यस सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि, विशेष विवरणसहितको तथ्य तथ्यांक, विगतमा घटेका राजनीतिक तथा सामाजिक घटना तथा ऐतिहासिक नक्सा दस्तावेज र सन् १८२७/१८५६ समेतका पुराना नक्साको विश्लेषण गरी त्यसैलाई आधार प्रमाणका रुपमा लिनुपर्छ ।

### लिपुलेक कसको हो ?

सुगौली सन्धिताका बनेको सन् १८२७/१८५६ समेतका पुराना नक्सा दस्तावेजअनुसार लिपुलेक सोर्‍है आना नेपालको हो । यी नक्साहरु अनुसार लिपुलेक मात्रै होइन यसभन्दा पश्चिममा रहेको कालापानी र लिम्पियाधुरासम्म नेपालकै हुन आउँछ । सन् १८६० पछि बनाइएका १८७९ जस्ता नक्सामा संकेत चिन्हद्वारा लिपुलेकसमेत सबै भारततर्फ पारेर देखाइएको छ । नेपालले सन् १९८० (संवत् २०३६ साल) देखि बनाएको नक्साअनुसार लिपुलेक त्रि-देशीय विन्दुमा परेको देखिन्छ ।

### त्रि-देशीय विन्दु कहाँ पर्छ ?

सन् १९६१-६२ मा नेपाल-चीन सीमांकन गर्दा टिंकर भन्ज्याङ, च्याङ्ला र लिपुलेक भन्ज्याङको बीचसम्म मात्रै सीमारेखा अंकन गरिएको छ । त्यहाँबाट उत्तर लिपुलेक लिम्पियाधुरातर्फ सीमांकन भएको छैन । भारतको अनुपस्थितिका कारण त्रि-देशीय विन्दु स्थापना हुन सकेको थिएन र अझै भएको छैन । ४ मार्च १८१६ को सुगौली सन्धिको धारा ५ अनुसार नेपालको पश्चिमी सीमा कालीनदी हो । सन् १८२७/१८५६ का नक्साहरुमा लिम्पियाधुराबाट उद्गम भएको नदीलाइ कालीनदी भनिएको छ । यी नक्साहरुका आधारमा लिम्पियाधुरालाई भारत-नेपाल-चीनको सीमा जोडिने र छुट्टिने त्रि-देशीय विन्दु मान्नुपर्छ । तीनै देशको संलग्नतामा विन्दु स्थापना गरी कालापानी क्षेत्रको विवाद समाधान गरिनुपर्छ ।

### किन चाहियो भारत र चीनलाई लिपुलेक मार्ग ?

व्यापारिक दृष्टिकोणले चीनलाई भारतको दिल्लीजस्ता प्रमुख सहरहरूसम्मको पहुँचको आवश्यकता परेको छ भने भारतलाई पनि ल्हासासम्म पुग्ने किफायती सडक मार्गको जरुरत परेको छ । छोटो मार्गबाट ट्रान्जिट सुविधा पाउँदा दुवै देशको ढुवानी खर्च घट्ने अर्थात् खर्च र समय वचत हुने र व्यापारिक नाफा हुन जाने वास्तविकता हो ।

चीनलाई आफ्नो तयारी सरसामान भारतको सवा अर्ब जनता भएको भारतीय बजारमा सकेसम्म धेरै परिमाणमा बेच्नु छ । भारतलाई पनि आफ्नो फलामजन्य गर्‍हौं तौल भएका कच्चा पदार्थ चीनको ल्हासा भएर सांघाई, बेइजिङ्ग तथा अन्य औद्योगिक क्षेत्रसम्म सस्तो ढुवानीमा पुर्‍याउनु परेको छ । त्यसैले ती दुवै देशलाई सहज र फाइदाजनक सडक मार्ग चाहिएको छ । सिक्किमको नाथुला मार्ग र हिमाचल प्रदेशको सिप्किला मार्ग समय तथा ढुवानीका हैसियतमा फाइदाजनक छैनन् । हाल चीन र भारतबीचको व्यापार हवाइमार्ग र जलमार्गबाट हुने गरेको छ । यी मार्ग खर्चालु छन् । त्यसैले उनीहरूको व्यापारिक विस्तृतिकरणको बाध्यतालाई सहज बनाउन चीन र भारतले नेपालको लिपुलेक मार्ग विकास गर्न खोजेका हुन् ।

### आर्थिक, राजनीतिक तथा कूटनीतिक कारण

**आर्थिक कारण :** चीनलाई आफ्नो देशमा उत्पादित सामान भारतीय बजारमा सस्तो मोलमा अझ धेरै परिमाणमा बिक्री गर्नुपरेको छ ।

**राजनीतिक कारण :** चीनले भारतमा आफ्नो आर्थिक तथा राजनीतिक प्रभाव बढाउनु परेको छ । भारतलाई आफ्नो अधिनमा पार्न सके उसलाई काखी च्यापी विश्व रङ्गमञ्चमा चीनको प्रभुत्व अझ अघि बढ्न सक्ने थियो र विश्वको नम्बर एक राष्ट्र बन्ने लालसा पनि रहेको हुनसक्छ ।

**कूटनीतिक कारण :** नेपालको कूटनीतिक शिथिलताका कारण पनि दुवै छिमेकीले बिर्सेको हुनसक्छ ।

### भारतीय सेना नहटाए के गर्ने ?

नेपालले उच्चस्तरको कूटनीतिक माध्यमद्वारा आफू पनि संलग्न भई नेपाल-भारत-चीनबीच सहकार्य गर्दै लिपुलेक नाकाबाट तीनै देशका लागि व्यापार अभिवृद्धि गर्नका निम्ति 'स्पेशल इकोनोमिक जोन' खडा गर्ने प्रस्ताव भारत र चीनसमक्ष राख्नुपर्छ । यस्तो प्रस्ताव राख्दा लिपुलेक-कालापानी-लिम्पियाधुरा क्षेत्रको संप्रभुता निश्चय नै नेपालको रहने दरिलो अडान लिनुपर्छ ।

यी कुराहरु जे जस्तो भए तापनि सुगौली सन्धिअनुसार नेपालको पश्चिमी सीमा कालीनदी हो । सन्धिताकाका नक्सा दस्तावेजअनुसार लिम्पियाधुराबाट उद्गम भएको नदी नै काली हो । ती नक्सामा अंकन गरिएको नदीभन्दा पूर्वका लिम्पियाधुरा-कालापानी-लिपुलेक नेपालकै ठहरिन्छ । यिनै कुरा जनमानसमा उजागर गर्नुपर्छ । सरकारसमक्ष दबाब सिर्जना गर्नुपर्छ । सरकारले दुवै छिमेकी मुलुकसँग सीमा कूटनीति परिचालन गर्नुपर्छ ।

## यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१५



**खोमदत्त बराल**

यति बेला सम्म महिलाले बस्नु पर्ने आरक्षणमा आफू माग बसिएको थियो र उभ्भिने महिलाहरु पनि अरु थिएनन् । केही समय पछि पनि चढेका महिलाहरुले सिट खोज्ने क्रममा एक पटक आखाँहरुको कुस्ती परि हाल्थे । आफू घोषणा गर्न सक्ने अबस्थामा पनि थिएन र सिट छोडेर अर्को बेवकुफ बनेर उभिएर यात्रा गर्ने हिम्मतमा पनि थिइन । तीन चार जना महिलाहरु भए पछि भने अलि सहज भयो । एक जना मात्र उभिएको भए पो सिट छोडिदिन्छु र ती अ मूक महिलाले सिट पाउँन् भन्नु । अबत कति जनालाई सिट छाडिदिने । लाजको मात्रा धेरै गयो । अब भने मेरै सिट सँग टासिएर दुईजना शिक्षिकाहरु कुरा गर्न थाले । कुरा पनि के-के हो के-के । कुनै टिचरको गुणगान गरेको छ । फलाना टिचरले दुईटी शिक्षिका सँग सम्बन्ध राखेको कुरा चलाएका छन् । यस्तो यस्तै कुरा चल्दा आफन्तको बिहाको लागि बिणा र बिनाको कुरा पनि गरे ।

बिणाको स्पेलिङ्ग नै गरेर उसको त राकेश भन्ने सँग गहिरो सम्बन्धको कुरा गर्दै करिब आधा घण्टा भन्दा लामो बाटो सम्म आफू संगैको सिटमा बसे पछि भने महिला लेख्दैमा महिला मात्र बस्दा रहेछन् भन्ने यकिन भयो । हाम्रो काठमाण्डौमा पनि यस्तै हुन्छ भन्ने लाग्यो । ती शिक्षिकाहरु पनि राम्रा थिए । कतै सरुवा भएको कतै बढुवा भएको आदि इत्यादि कुराले महिलाहरुको कुरौटे स्वभाब यहाँ पनि प्रदर्शन भयो । कति बिषयहरु रोमान्टिक अर्काका राम्रा नराम्रा कुराहरु छलफल आउँदा रमाइलो लागेको हो कि, सूचना दिन खोजेको हो । यी यस्ता कुरा बास्तबमा नै अनाबस्यक नै हुन् । त्यो सानो केटो उठेर हिड्यो । ती शिक्षिकाले अर्को सिटमा सर्ने इसारा गरिन् । ममा रहेको निर्दम तोडेको अपराधले बोधले परतिर सर्नलाई उचित ठहरायो । उनि बसिन् उनलाइ बस्नमा भन्दा उनी म सँग बस्नाले अरु लाज पलायो । अप्ठेरो पनि पलायो । केटो मान्छे भन्दा निर्लज्ज पाराका देलढाल । कतै कन्याउँने निउँमा ज्यानका बिभिन्न भागमा कुइनाले फ्याउरी लगाउँने पराय मुलुकका सिधासाधा जीबन । सीमा ननाधी नियममा रहने प्रबृत्ति भए पनि सुख र उच निच बुझ्ने नै भएकाले यी शिक्षिकाको हाउ भाउमा अलि बढि आफन्तभाबको प्रदर्शन थियो । सबैजना महिलाहरुले निसं कोच केही त केही सूनका गहना लगाएका । धेरै जसो कुर्था सलवारमा सजिएका । जवान लड्कीहरु भने बुसर्ट र जीन पेन्ट लगाउँन रुचाउनेहरु रहेछन् । तर हरेकले मोबाइलका नाता गाडा बनाएको देखिन्छ । कानमा ठेडी घुसारेर लहरा झुण्डाइ रहेका पनि छन् । फेसन जस्तै बनेको यो गर्मी ठाउँ भएकोले होला अगाडी भाग अलि बढि नै खुल्ला रहने । बैसँका बासना सहज छरिने । कही कतै अलिक लुकेर बाहिर चियाउँने भए पनि कसैले भने अलि बढि नै झ्यालबाट चियाएको हुने । यी सहज असहज जे भए पनि एकाइसैं सताब्दीको मानबअधिकार र मानबअधिकारमा पनि नारी स्वतन्त्रताको वकालतलाई जीरह गर्न सजिलो हुने । कहीं कतै टिकाटिप्पणींको गुँजापस नहुने । यो पंक्तिकार आदर्श समाजको परिकल्पना गर्दछ । यसरी सोच्दा यथास्थिति बादी भइदो रहेछ । समयले नेटो काटिसक्यो ।

हामी गाउँले समाजमा हाम्रा भाउजुहरुले चौबन्दी चोली लगाएर त्यसमाथि अर्को गम्छाले टम्म पारेर छात्ती बाध्ने प्रचलन सोचेर यो समाजमा अति भयो भनेर आपत्ति गर्नु पनि अति नै हुन्छ, हुँदो रहेछ । आज भन्दा पच्चिस बर्ष अघि नै एउटा नेवार साथिकी छोरी अल्ली खुल्ला रुपमा आफूलाइ प्रस्तुत गरेको पाए । सल्लाह दिए । नानि यसो अलि धेरै भयो कि । नानीले त अंकल तपाइले पो सोच्ने पर्ने यो, तपाइको सरोकारको बिषय होइन भनेर छोरी नानीले पानी पानी पारिन् । निर्लज्ज भनाइमा आवक रहे । धर्म शास्त्रले समाज आफ्ना पारामा हघि बढ्छ , प्रकृतिले आफ्नो समयमा पालुवा फेर्छ, प्रकृतिलाई नियन्त्रण राख्न सकिदैन ।

*(क्रमशः)*

## जंगे...

उनले बताए । नेपाल चीनतर्फको सीमा स्तम्भको संख्या ९९ रहेको छ, उनले भने । 'नेपालको सिमाना' पुस्तकका लागि श्रेष्ठले मदन पुरस्कार पाएका थिए । नयाँ पुस्तकमा 'जंगे सीमा खम्बाको गन्ती' तथ्यपरक ढंगले गरिएको छ । भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरामा आफ्नो दाबी प्रस्तुत गरिरहेका बेला श्रेष्ठको यो पुस्तकले सरकारलाई भारतसँग कूटनीतिक संवाद गर्न सहयोग पुग्ने देखिन्छ ।

## विशवभरिका...

नेपाल भारत सीमा विवादका विषयमा गैरआवासीय नेपालीहरुले देखाएको चासोप्रति हार्दिक धन्यवाद ज्ञापन गरिएको छ । यस विषयमा गैरआवासीय नेपाली संघका तर्फबाट अध्यक्ष कुमार पन्तले समेत वक्तव्य जारी गरिसकेका छन् । संघको अवधारणालाई विभिन्न देशमा अवस्थित भारतीय दुताबास वा नियोगमा लिखित रुपमा पुऱ्याउन सहयोग गर्नका लागि यो पत्राचार गरिएको जनाइएको छ । संघले भारतीय दुताबासमा पेस गर्ने ज्ञापनपत्रको नमुना समेत पठाएको छ । पत्रमा अनुकूलता हेरेर पत्र बुझाउने मिति राखी समन्वय परिषद्ले निर्धारण गर्नका लागि पनि अनुरोध गरिएको छ ।

एनआरएनए पोर्चुगल, ब्रिटेन, जर्मन, स्पेन, क्यानडा, अष्ट्रेलिया, कतार, डेनमार्क, फ्रान्स, इटाली, संयुक्त राज्य अमेरिका लगायतले भारतीय विस्तारवादको विरोध गर्दै ऱ्याली र सभाहरु गरिरहेका छन् । भारत अन्तर्राष्ट्रिय रुपमा नांगेझार हुँदैछ । नाकाबन्दीभन्दा ठूलो अपराध हो- नेपाली भूभाग निल्ने मोदी सरकारको धृष्टता ।

गैरआवासीय नेपाली संघले भारतविरुद्ध विरोधको अभियान सुरु गरिरहँदा नेपाल सरकारले भने अझै कूटनीतिक संवादलाई अघि बढाउन सकेको छैन । २५ कात्तिकमा नेपालका लागि भारतीय राजदुत निलाम्बर आचार्यले दिल्लीस्थित साउथ ब्लकमा विदेश सचिव विजयकेशव गोखलेलाई भेटेका थिए । उक्त भेटमा आचार्यले कालापानीबारे नेपालको गम्भीर सरोकार व्यक्त गर्दै परराष्ट्र सचिवस्तरीय वार्ताका लागि नेपालको प्रस्ताव सुनाएका थिए । वार्ताबाट सुस्ता र कालापानीमा कायम रहेको सीमा विवाद समाधान गर्नुपर्नेमा भारत सहमत भएको भनिए पनि हालसम्म संवाद अघि बढेको छैन । विदेश सचिवसँगको भेटवार्तापछि द्विपक्षीय वार्ताका लागि नेपाल राजदुतले पत्र पठाए पनि भारतबाट जवाफ आएको छैन ।

नेपाल र भारतबीच कुटनीतिक च्यानलबाट छलफल हुन नसक्दा कालापानीलाई लिएर मुख्यमन्त्री स्तरसम्म जुहारी चल्न थालेको छ । भारत उत्तराखण्ड राज्यका मुख्यमन्त्री त्रिवेन्द्रसिंह रावतले नेपालको अभिव्यक्ति चिन्ताजनक रहेको भन्दै कालापानीमाथिको दाबी पेस गरेका छन् । कालापानीका विषयमा पहिलोपटक भारतीय राजनीतिक तहबाट टिप्पणी आएको हो । रावत सत्तारुढ दल भारतीय जनता पार्टीका नेता समेत हुन् । यता सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टले कालापानी नेपालको भएको र यसमा दायाँबायाँ नहुने प्रस्ट पारेका छन् । उनी भन्छन्- 'सिमानाको सवालमा हामी सबै एक छौं । कालापानी हाम्रो हो । नेपालसँग तथ्य र प्रमाण छन्, कालापानीका विषयमा हामी सम्झौता गर्न सक्दैनौं । कसैले भनेका आधारमा यो भूमिप्रति हाम्रो दायित्व बिर्सन मिल्दैन ।

## प्राकृतिक...

सत्य सिद्धान्तहरु छन् । यिनीहरुले शारीरिक, मानसिक, तेजशक्ति, तत्वहरु ऊर्जाहरु धातुहरु, इन्द्रिय ज्ञानेन्द्रीय, शरीरका प्रणाली गुणहरु विनाश गर्दै सात धातुहरु रज वीर्य समेत तेजमय पवित्र रसहरु पञ्च तत्वहरुको निर्माण र सन्तुलन राख्न सक्ने छैनन् । शरीरलाई बलियो, शक्तिशाली, चम्किलो, सधैं जवान र स्वस्थ बनाउने शुक्र, धातु लगायत सबै धातु रसहरु सञ्चय, सुरक्षित, पवित्र, मजबुत बनाउने प्राकृतिक सिद्धान्तहको पालना गर्ने युवायुवती महिला पुरुष जीवनभर निरोगी बाँच्ने छन् र तिनका सन्तान पनि स्वस्थ, दीर्घजीवी, ज्ञानी गुणी बुद्धिजीवी प्राकृतिक मानव सिद्ध हुनेछन् ।

प्राकृतिक अद्भूत मानवहरु सृष्टि विकासका लागि युरोप-अमेरिकी आदिबासीका संसारका हरेक समुदाय, सम्प्रदाय, वर्ग, वर्ण, समाज र भूमि अनुसारका संस्कार, संस्कृति र सभ्यताहरु रहेकोमा सहमत छन् । हरेक जीव र मानवमा समेत यौन उन्मादी, वेश्यागामी यौन दुराचारमुक्त भई शुक्र र सात पवित्र धातुहरु सञ्चय, मजबुत बनाएमा मानवमा रोग नलागी बुढो नभई मर्नेछन् । तर यौन उन्मादी वेश्यागामी यौन दुराचारीको भाग्य आयु स्वास्थ्य र दीर्घजीवन अर्को वेश्याको हातमा सुम्पँदै हिंड्ने र अर्काको हातमा जीवन बन्धक बनाउने यौन सन्तानलाई प्राचीनकालमा अछुत वर्ग र सन्तान जन्माउन समेत बन्देज पवित्र दैवी र प्राकृतिक मानव सृष्टिको युग पनि रहेको थियो । आफ्नो भाग्य, निरोगिता, दीर्घजीवनको लगाम अर्काका हातमा लैजाने मन, चित्त, सोच, आत्मा, दिमाग र चेतमा पछाडि काल मृत्युले कामदेवलाई सहयोगी साथमा राखेको हुन्छ । मृत्युकाल र कामदेव समान शत्रु मानवको लागि रहेको पाइन्छ । काम वासना, मैथुन, यौन उन्माद, कामदेवता र काल मृत्युका देवता सन्तान यमदुतहरु हुन् । यौन उन्मादी वेश्यागामी दुराचारीको शरीरमा एक अर्काको विषादी रज वीर्य धातुहरु पञ्चतत्व रसहरु शरीरमा घुसेर मिलेर प्रवेश गरेर ३४ देखि ६४ प्रकार सम्भाव्य रोगहरु उत्पन्न हुन्छन् । जस्तो आफ्नै शरीरको पसिनाबाट जुम्रा किरा उत्पन्न जन्म भएझैं यौन उन्मादी वेश्यागामी यौन सन्तानहरु हेर्दा छुवाछुत गर्दा समेत दोषहरु विषहरु लाग्छ भन्ने कुरामा यौन उन्मादी र धनसम्पत्ति सन्तान विश्वास गर्दैनन् । वेश्यागामी दुराचारी यौन उन्मादी र भ्रष्टाचारीहरु सर्वभक्षी आफू पनि नास हुने अरुलाई पनि विनाश गर्ने हुन्छन् भन्ने प्राकृतिक मान्यता र सत्यतथ्य प्राचीन युरोप-अमेरिकी आदिबासीका संस्कार, संस्कृति र सभ्यताहरु रहेको इतिहासको खोजी हुँदैछ ।

## टुटल र...

त्यसैले कसैले कुनै बदमासी गर्न पाउँदैन । त्यसैले यो सुरक्षित र भरपर्दो समेत मानिएको थियो । यी प्राइभेट कम्पनीहरुले ५० हजार युवायुवतीहरुलाई रोजगारी दिएका थिए । आफ्ना निजी सवारी साधन नभएकाहरुले टुटल र पठाओबाट राम्रो सहयोग पाउँदै आएका छन् । अझ चाडबाडका समयमा त टुटल र पठाओले मानिसहरुलाई बिर्सनै नसक्ने गुण लगाउँदै आएका छन् । यातायात सेवा सञ्चालन गर्न यातायात व्यवस्था विभागमा दर्ता हुनुपर्ने प्रावधान छ । तर टुटल र पठाओ कम्पनी रजिस्ट्रारको कार्यालयमा मात्रै दर्ता रहेको बताइन्छ । रातो प्लेट भएका सवारी साधनले यात्रु ओसार्नु अवैधानिक मानिन्छ । तर टुटल र पठाओलाई कानुनी वैधता दिलाउन सरकारले अहिलेसम्म कुनै पहल गरेको छैन । नीति नियम बनाएर जनतालाई किफायती सेवा दिइरहेका टुटल र पठाओलाई रोक्न नहुने आम माग छ ।

यात्राका क्रममा अभर अप्ठेरोमा परेकाहरुलाई यी संस्थाले राइडर पठाएर मोटरसाइकलमा गन्तव्यमा पुऱ्याउँदै आएका छन् । भाडा सस्तो छ र सर्वसाधारणको आकर्षण टुटल र पठाओप्रति बढेको छ । यिनले दिने सेवा महिलाहरुका निम्ति समेत अत्यन्त सुरक्षित मानिन्छ । ट्याक्सीले यात्रु ठग्ने गरेका छन् । रातको समयमा यात्रा गर्दा ट्याक्सीमा महिला असुरक्षित हुने गरेका घटनाहरु पनि सुनिँदै आएका छन् । ट्याक्सी साहूहरुको आर्थिक प्रलोभनमा परेर यातायात व्यवस्था विभागका हाकिमहरु टुटल र पठाओलाई रोक लगाउने निर्णयमा पुग्नुले सर्वसाधारण जनता आश्चर्यमा परेका छन जसले राम्रो काम गर्छ त्यसैमाथि सरकार खनिनु सायद 'सतीको सराप' कै कारण हो कि ?

## सीमा स्तम्भ...

५७८/१०, ५७८/७, ५७७/९ र सहायक सीमा स्तम्भ ५७७/७ अलपत्र छन् । ढलेकामध्ये ५७८/१० र ५७८/७ नम्बरका स्तम्भ नेपालले र ५७७/९ र ५७७/७ नम्बरका स्तम्भ भारतले बनाएको हो । स्तम्भको अवलोकन गरी यसको अवस्था र पुनर्निर्माणका लागि केन्द्रमा तत्कालै खबर गरे पनि केन्द्रले चासो नदेखाउँदा स्थानीयबासी चिन्तित छन्

## चीनलाई...

प्रदर्शनबारे नबोल्न अमेरिकालाई चेतावनी दिँदै आएको छ । हङकङ विवाद चीनको आन्तरिक मामिला भएकाले यसमा हस्तक्षेप नगर्न आग्रह गरेको छ ।

अमेरिकाले उत्तर कोरियालाई समेत नाकाबन्दी लगाउँदै आएको छ । नेपालबाट उत्तर कोरियाली नागरिकलाई खेदाउन नेपालमाथि समेत दबाब दिइरहेको छ । अन्य स्वतन्त्र र सार्वभौम देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अमेरिकी नीति साम्राज्यवादी भएको राजनीतिक विश्लेषकको बुझाइ छ ।

## हार्दिक समवेदना



जन्मः
२००५ फागुन १८

स्वर्गारोहणः
२०७६ कात्तिक ३०

**हाम्रा अनन्य मित्र अधिवक्ता रोटेरियन श्री राधाकृष्ण पाठककी जीवन संगिनी लक्ष्मी अधिकारीका पुज्य पिता तथा साहित्यकार दिवाकर अधिकारीको दुःखद निधन भएकोमा पवित्र आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक सहानुभूति अर्पण गर्दछौं ।**

**सुरेन्द्र ढकाल**
**ग्रेटर नेपाल साप्ताहिक तथा**
**रोटरी क्लब डिल्लीबजार परिवार**